# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २५५ काठमाडौं आइतबार, २९ पुस २०८० Prabhab National Daily Sunday, January 14, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

# कृषि मन्त्रालयमा 'बेकामे' दुई सचिव


डा. गोविन्दप्रसाद शर्मा


डा. रेवतीरमण पौडेल

> दुई सचिव राख्नुको कारण पशु सेवा समूह र कृषि सेवा समूह भनिए पनि अहिलेका दुवै सचिव कृषि सेवा समूहकै छन् ।




■ वैकुण्ठ भण्डारी

**काठमाडौं–** कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा यतिखेर 'बेकामे' दुई सचिवले जिम्मेवारी सम्हालिरहेका छन् । कृषि क्षेत्र नै ध्वस्त बनिरहेका बेला सरकारले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा दुई सचिवको दरबन्दी राखेको छ । अहिले मन्त्रालयअन्तर्गत कृषि विकासतर्फ डा. गोविन्दप्रसाद शर्मा र पशुपन्छी विकासतर्फ डा. रेवतीरमण पौडेल सचिव छन् ।

वि.सं. २०७२ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कृषि तथा पशुपन्छी विकास मन्त्रालय विभाजन गरी कृषि विकास मन्त्रालय र पशुपन्छी विकास मन्त्रालय बनाएका थिए । माओवादी केन्द्रसहितको सरकार बनाउँदा मन्त्रीको बागबण्डा नपुगेपछि मन्त्रालय टुक्र्याइएको थियो । त्यसबेला दुई मन्त्रालय भएकै कारण सचिव पनि दुईजना नै राखिएको थियो ।

तर कृषि विकास मन्त्रालय विभाजन धेरै समय टिकेन । मन्त्रालय विभाजन हुनु कृषि सेवातर्फ वा पशु सेवातर्फ विकास हुनु भन्ने गफ दिइएको भए पनि अन्ततोगत्वा मन्त्रालय फुटाउने काम केवल मन्त्रीको भागबण्डा मिलाउनेबाहेक अरु केही थिएन । फेरि दुवै मन्त्रालयलाई समायोजन गरी एकै मन्त्रालय बनाइयो । त्यसबेलादेखि नै कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा दुई सचिवले जिम्मेवारी सम्हालिरहेका छन् ।

अहिले यस मन्त्रालयमा दुईजना सचिव बेकामे बनेर कुर्सी सम्हालिरहेको देखिन्छ । दुई सचिव राख्नुको कारण पशु सेवा समूह र कृषि सेवा समूह भनिए पनि अहिलेका दुवै सचिव कृषि सेवा समूहकै छन् । एउटै सेवाका दुई सचिव भएका कारण पनि अहिले दुई सचिव किन चाहियो ? भन्ने प्रश्न यतिखेर मन्त्रालय भित्रै उठ्न थालेको छ । करिब आठ वर्षदेखि मन्त्रालय दुई सचिवलाई जिम्मेवारी दिँदा न त कृषि तथा पशु सेवाको विकास हुन सकेको छ न त समन्वय नै भएको देखिन्छ ।

विगतमा एउटै सचिव हुँदा जुन किसिमले कृषि मन्त्रालयले आफूलाई क्रियाशील गराइरहेको थियो अहिले भद्रगोल बनिरहेको कृषि मन्त्रालयका सहसचिवहरू बताउन थालेका छन् । हुन त कृषि र पशुपन्छी सेवा एक अर्कामा परिपूरक होलान्, त्यही भएर पनि कृषि तथा पशुपन्छी एवं वन विज्ञानलाई पनि एउटा क्लस्टर मान्दै आएको देखिन्छ । यसको मतलव कृषि, वन, वातावरण र पशु सेवाको क्लस्टर एउटै हो भन्ने पुष्टि गरिदिएको छ निजामती सेवामा कर्मचारीहरूका लागि ।

मन्त्रालयमा सेवा समूहअनुसार पशु सेवा र कृषि सेवाका लागि छुट्टाछुट्टै सचिव हुने व्यवस्था गरेको हो भने पनि पशु सेवा समूहबाट हालसम्म पनि मन्त्रालयले सचिव पाएको भने देखिँदैन । त्यसो हो भने कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा दुई सचिव के कामका लागि त ? भन्ने प्रश्न उठ्नु स्वाभाविक नै भएको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

(क्रमशः पृष्ठ २ मा)

# शक्ति फर्काउने माओवादी कसरत


**अग्निप्रसाद सापकोटा**
प्रवक्ता, माओवादी केन्द्र

> विचार मिल्ने शक्तिहरूसँग मिलेर जानुपर्छ भन्ने छ । यो पार्टीको पुरानै निर्णय हो । यसअनुसार अनौपचारिक रूपमा विभिन्न विचार मिल्ने शक्तिहरूसँग छलफल चलिरहेकै छ । नेसपासँग अहिले एकताको छलफल चलिरहेको छ । अब एकतालाई तार्किक निष्कर्षमा पुर्‍याउन समितिले काम गर्ने छ ।




- अध्यक्ष दाहाल एकता संयोजन समिति संयोजक
- नेसपा, जसपा, नेकपा एस र नेकपालाई एकता प्रक्रियामा ल्याउने दाहाललाई कार्यभार

■ जेबी योञ्जन

**काठमाडौं–** हरेक चुनावबाट झन् कमजोर देखिँदै गएको सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्र शक्तिमा फर्किने जमर्कोमा छ । त्यसका लागि पूर्वमाओवादी घटकहरूसँग एकताको हात फैलाएको छ । प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष पुष्पकमल दाहाल नै एकताका सूत्रधार बनेका छन् । शनिबार उनकै संयोजकत्वमा माओवादीले एकता संयोजन समिति बनाएको छ ।

पार्टी प्रवक्ता अग्निप्रसाद सापकोटाका अनुसार समितिले डा. बाबुराम भट्टराई अध्यक्ष रहेको नेपाल समाजवादी पार्टी (नेसपा)लाई एकता प्रक्रियामा ल्याउन सम्वाद गर्ने छ । 'विचार मिल्ने शक्तिहरूसँग मिलेर जानुपर्छ भन्ने छ । यो पार्टीको पुरानै निर्णय हो । यसअनुसार अनौपचारिक रूपमा विभिन्न विचार मिल्ने शक्तिहरूसँग छलफल चलिरहेकै छ,' प्रवक्ता सापकोटाले प्रभावसँग भने, 'नेसपासँग अहिले एकताको छलफल चलिरहेको छ । अब एकतालाई तार्किक निष्कर्षमा पुर्‍याउन समितिले काम गर्ने छ ।'

माओवादीले उपाध्यक्ष कृष्णबहादुर महरा नेतृत्वमा र नेसपाले सहअध्यक्ष गंगानारायण श्रेष्ठ संयोजक रहेको कार्यदल गठन गरेका छन् । कार्यदलको ३ मंसिरमा बसेको बैठकले पार्टी एकताबारे निर्णय गर्नुअघि एकता संयोजन समिति गठन गर्न सुझाएको थियो । सोहीअनुसार माओवादीले दाहालकै संयोजकत्वमा शनिबार संयोजन समिति गठन गरेको हो ।

भट्टराई संयोजक रहेको नेसपाको पनि एकता संयोजन समिति छ । गत ६ मंसिरमा समिति बनेको हो । समितिहरूलाई दुवै पार्टीले उठाइरहेका वैचारिक र नीतिगत विषयहरूमा छलफल गरी सहमतिको आधारमा अगाडि बढ्ने र पार्टी विधान, नाम, संगठनात्मक संरचना, चुनाव चिह्नलगायतका विषयमा पनि सहमति जुटाउने कार्यभार छ ।

डा. भट्टराई 'माओवादी' नाममा भने सहमत छैनन् । पार्टीको नाममा समाजवाद राखेर अघि बढ्न सकिने उनको मत छ । माओवादी अध्यक्ष दाहाल पनि पार्टी नामबाट माओवादी शब्द हटाउन तयार रहेका विवरणहरू यसअघि सार्वजनिक भएका थिए । संविधान जारी भएको छैटौं दिनमा भट्टराईले माओवादी पार्टीबाट अलग हुनेमात्रै होइन, माओ विचारधाराबाट अलग हुने निर्णय लिएका थिए । यसले गर्दा पनि माओवादी नामसँग उनको 'अ'रुचि देखिन्छ । समाजवादीसँग केही फुर्को राखेर नाम जुराउनु उपयुक्त हुने मत अघि सार्दै आएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## फागुन पहिलो साता विधान सम्मेलन

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रले आगामी फागुनको पहिलो साता विधान सम्मेलन आयोजना गर्ने निर्णय गरेको छ । पार्टी मुख्यालय पेरिसडाँडामा शनिबार बसेको स्थायी समिति बैठकले फागुन १ देखि ३ गतेसम्म सम्मेलन आयोजना गर्ने निर्णय गरेको उक्त पार्टीका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।

बैठकले विधान सम्मेलनको प्रतिनिधि छनोटको आधारसमेत तय गरेको उपाध्यक्ष सापकोटाले जानकारी दिए । बैठकमा विभिन्न पार्टीसँग एकताका विषयमा पनि छलफल भएको थियो । बैठकले पार्टी एकताका लागि पार्टी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा एकता संयोजन समिति बनाएको छ ।

बैठकमा प्रधानमन्त्री एवं अध्यक्ष दाहालले मुलुकको समग्र परिस्थितिका बारेमा 'ब्रिफिङ' गरेको प्रवक्ता सापकोटाले जानकारी दिए । स्थायी समितिमा १० वटै प्रदेश इञ्चार्जले हालै सम्पन्न अभियानका बारेमा संक्षिप्त प्रस्तुति दिएका थिए ।

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसियामा उठ्यो 'श्रम अडिट'को माग

### आप्रवासी श्रमिकको अधिकारका लागि अनिवार्य भएको भनाइ

■ प्रभाव संवाददाता



**काठमाडौं–** मलेसियामा रोजगारीका लागि जाने आप्रवासी श्रमिकको अधिकारका लागि 'श्रम अडिट' गर्नुपर्ने आवाज उठेको छ । मलेसियाको सोसल प्रोटेक्सन कन्ट्रिब्युटर एडभाइजरी एसोसिएसन (स्पाकाम)ले आप्रवासी श्रमिकको हकमा मानवीय व्यवहार भए/नभएको थाहा पाउनका लागि श्रम अडिट गर्नुपर्ने आवाज उठाएको हो ।

विदेशी श्रमिकको अधिकार र मानवीय व्यवहारको सम्बन्धमा जानकार रहन स्पाकामले रोजगारदाताको अडिट गरिनुपर्ने प्रस्ताव गरेको मलेसियाको सञ्चारमाध्यम मलेमेलले उल्लेख गरेको छ । स्पाकामका अन्तर्राष्ट्रिय श्रम सल्लाहकार डि एञ्जोलसले विदेशी श्रमिकलाई उचित मानवीय व्यवहार नगर्ने रोजगारदातालाई कानुनी कारबाही गर्नुपर्ने बताएका छन् । विदेशी श्रमिकमाथि शोषण गर्ने रोजगारदाताले स्थानीय श्रमिकमाथि पनि शोषण गर्न सक्ने बाटो खुला रहेको बताउँदै एञ्जोलसले अबको समयले श्रम अडिटको माग गरेकोप्रति ध्यानाकर्षण गराएका छन् ।

उनले विदेशी श्रमिकलाई शोषण गर्न खुला छोडिदिँदा त्यसले कार्यस्थलको वातावरण ठीक नहुने र रोजगारदाता मुलुकको छविसमेत धुमिल हुने बताएको सञ्चारमाध्यमले उल्लेख गरेको छ । स्पाकामले विदेशी श्रमिकलाई पनि ट्रेड युनियनमा आबद्ध हुने अधिकार दिइनुपर्नेमा जोड दिएको छ । उक्त संस्थाले पछिल्लो केही दशकयता मलेसियामा विदेशी श्रमिकमाथि विभिन्न खाले शोषण हुँदै आएको भन्दै यसमा तत्काल सुधार गर्नुपर्ने सुझाव सरकारलाई दिँदै आएको छ ।

मलेसिया नेपालीहरूको प्रमुख गन्तव्यमध्ये एक हो । त्यहाँ झण्डै ९ लाख नेपाली श्रमिक रहेको विभिन्न अध्ययनले देखाएको छ । आप्रवासी श्रमिकहरूको पक्षमा कुनै निर्णय भइहालेमा नेपाली श्रमिक पनि लाभान्वित हुने देखिन्छ । गत वर्ष नेपालीहरूको प्रमुख गन्तव्य रहेको मलेसियामा आर्थिक मन्दीका कारण उल्लेख्य संख्यामा रोजगारी पाउन नसकेको जानकारहरू बताउँछन् ।

यसैबीच रोजगारदातालाई अनावश्यक आर्थिक भार पार्ने गरी नेपालको वैदेशिक रोजगार बोर्ड र फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी) बीच भएको सम्झौताप्रति मलेसियन रोजगारदाताहरूको आपत्ति प्रकट गरेका छन् । मलेसियन रोजगारदाताहरूको छाता संगठन 'एशोसिएसन अफ इम्प्लोइमेन्ट एजेन्सी'ले उक्त सम्झौताका कारण नेपाली श्रमिक भर्ना प्रक्रियामा अनावश्यक र अनुचित रूपमा थप शुल्क तिर्न बाध्य पार्ने टिप्पणी गरेको बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## जापान-कोरिया जाने श्रमिकलाई ५०० डलर सटही सुविधा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि जापान र दक्षिण कोरिया जाने नेपाली नागरिकले ५०० डलर सटही सुविधा पाउने भएका छन् । नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिएर रोजगारीका लागि जापान तथा कोरिया जाने नागरिकलाई उक्त सटही सुविधा प्राप्त हुने नेपाल राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै रोजगारीका लागि अमेरिका, क्यानडा, युरोप जाने नेपाली नगारिकलाई ५०० डलर सटही सुविधा रहेको बताइएको छ । यद्यपि उल्लिखित गन्तव्यबाहेकका मुलुकमा रोजगारीका लागि जाने नागरिकलाई भने २०० डलरमात्र सटही सुविधा हुने राष्ट्र बैंकले जनाएको छ । यसअघि श्रमका लागि सबै मुलुकमा जाने श्रमिकहरूलाई समान २०० डलर सटही सुविधाको व्यवस्था रहेको थियो ।

दुईसय डलरमात्र सटही सुविधा दिँदा युरोप, अमेरिका, जापान, कोरिया जाने श्रमिकहरू समस्यामा परेको भन्दै डलर सटही सुविधा बढाउनुपर्ने माग हुँदै आएको थियो । तसर्थ पछिल्लो समय राष्ट्र बैंकले व्यवस्था गरेको सटही सुविधाले उल्लिखित मुलुकमा जाने श्रमिकहरूलाई आर्थिक व्यवस्थापनमा सहज हुने बताइएको छ ।

# सवारी दुर्घटनामा १९ जनाको मृत्यु

### दाङको राप्ती नदीमा बस खस्दा १२ जना, काठमाडौंको चन्द्रागिरिस्थित सेतोपहरामा गाडी खस्दा पाँच जना र बागलुङ जिप दुर्घटनामा दुई जनाको मृत्यु


शुक्रबार राति दाङको राप्ती नदीमा खसेको बस । *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** दाङ, काठमाडौं र बागलुङमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १९ जनाको मृत्यु भएको छ । शुक्रबार राति दाङको राप्ती नदीमा भएको बस दुर्घटनामा १२ जनाको मृत्यु भएको हो । यस्तै शनिबार काठमाडौंको चन्द्रागिरिस्थित सेतोपहरामाभएको सवारी दुर्घटनामा पाँच जना र बागलुङको ढोरपाटनमा जिप दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

राप्तीमा भएको दुर्घटना चालकको लापरवाहीका कारण भएको प्रहरीको प्रारम्भिक निष्कर्ष छ । इन्ट्री नगरी तीव्रगतिमा कुदाउँदा बस अनियन्त्रित भइ दुर्घटना भएको हुनसक्ने जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक जनकबहादुर मल्लले बताए ।

'चालकले सपट बिग्रिएर दुर्घटना भएको वयान दिएका छन्,' उनले भने, 'तर हामीलाई त्यस्तो लाग्दैन, नजिकै प्रहरीको इन्ट्री प्वाइन्टमै नरोकेर तीव्रगतिमा लिएकाले दुर्घटना भएको हाम्रो निष्कर्ष छ ।' उक्त बस दुर्घटनामा सात जनाको घटनास्थलमै र पाँच जनाको उपचारका क्रममा निधन भएको हो ।

मृतक सबैको सनाखत

शुक्रबार राति साढे १० बजे पूर्व-पश्चिम राजमार्गअन्तर्गत दाङको राप्ती नदीमा भएको बस दुर्घटनामा मृत्यु हुने सबैको सनाखत भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा बाँकेका चारजना, भारतीय नागरिक तीनजना, रुकुम पश्चिम, चितवन, मकवानपुर, काठमाडौं र जुम्लाका एक-एकजना छन् । दुर्घटनामा परी बाँके खजुरा गाउँपालिका-३ का सञ्जय केसी, बाँके नेपालगञ्जका ६० वर्षीया कुसुम बस्नेत, बाँकेका ३० वर्षीय रामवरण हरिजन, बाँके कोहलपुर-८ का २८ वर्षीय अर्पण थापाका छन् ।

त्यस्तै रुकुम साविक गोतमकोट गाउँपालिका-९ का २५ वर्षीय दीपक कामी, चितवन भरतपुर नगरपालिका-२५ का ३५ वर्षीय अनिल खड्का, मकवानपुरका ३९ वर्षीय सौरभ विष्ट, काठमाडौं चन्द्रगिरिका ६५ वर्षीय ताराकान्त पाण्डे, जुम्लाका ४० वर्षीय मुनबहादुर रावत, भारत विहारका ६७ वर्षीय जोगेन्द्र राम, भारतजी बहराइज नानपारा बग्लु भौतपुरका ४५ वर्षीय चेतराम सिल्पकार र भारत उत्तर प्रदेशका ३१ वर्षीया मुनेको मृत्यु भएको हो ।

(क्रमशः पृष्ठ २ मा)

# काठमाडौं महानगरको कर छुट सुविधा आजसम्म

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले विभिन्न कर छुटको घोषणा गरेको छ। महानगरले पुस मसान्त (आज) सम्म सम्पत्ति कर, व्यवसाय कर, वहाल कर तिर्ने करदातालाई चालु आर्थिक वर्षको कर रकममा १० प्रतिशत छुट दिने जनाएको छ। यस्तै बहाल व्यवसाय र सम्पत्ति कर चुक्ता गरेमा बक्यौतामा लाग्ने सबै जरिवाना रकम छुट दिने महानगरको योजना छ।

'चालु आर्थिक वर्षसम्म करको दायरामा नआएका जुनसुकै उमेरका महिला, आदिवासी जनजाति, दलित, अपांगता भएका र ३५ वर्षभन्दा कम उमेरका युवाका नाममा दर्ता भई सञ्चालनमा रहेका पाँच लाखसम्म पुँजीगत लगानी भएका उद्योग, व्यवसाय, कम्पनी संस्थाहरूले पुस मसान्तभित्र कर दाखिला गरेमा जम्मा कर रकमको ४० प्रतिशत र नियमित कर दाखिला गर्ने करदाताहरूका हकमा कर रकमको २५ प्रतिशत छुट हुने छ,' महानगरले कर




छुटसम्बन्धी सूचनामा भनेको छ, 'तर, काठमाडौं महानगरपालिकामा स्थायी बसोबास भएका व्यक्ति (नागरिकता या मतदातापत्र वा बसाइसराइ गरी आएका) लाई कर रकममा ५० प्रतिशत छुट हुने छ।'

काठमाडौं महानगरपालिका आर्थिक ऐन २०८० मा भएको यो छुट सुविधाको लाभ लिन सबै करदाताहरूमा अनुरोध गरिएको छ। करदाताले आजसम्म यो सुविधा लिनसक्ने महानगरले जनाएको छ।

# कलेजो प्रत्यारोपणमा आत्मनिर्भर बन्दै प्रत्यारोपण केन्द्र




**भक्तपुर–** भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा पहिलोपटक तीन वर्षीय बालकको सफल कलेजो प्रत्यारोण गरिएको छ। केन्द्रका कार्यकारी निर्देशक एवं वरिष्ठ मिर्गौला तथा कलेजो प्रत्यारोपण शल्यचिकित्सक डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा बालकको सफल कलेजो प्रत्यारोपण भएको हो।

केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले पर्साको वीरगञ्जका तीन वर्षीय बालकका लागि ३० वर्षीय आमाले कलेजो दान दिएको जानकारी दिए। कलेजो प्रत्यारोपण गरिएका बालकको स्वास्थ्य अवस्था सामान्य रहेको उनले बताए।

'यसअघि यति सानो बालकको कलेजो प्रत्यारोपण गरिएको थिएन। यो पहिलोपटक हो,' डा. श्रेष्ठले भने, 'केन्द्रमा यो साता शुक्रबारदेखि सोमबारसम्म लगातार चार दिनमा चारवटा कलेजो प्रत्यारोपण गर्दै छौं। यो नेपालका लागि ठूलो सफलता हो।'

यसअघि केन्द्रले पुसमा एकैपटक दुईजना बिरामीको कलेजो प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेको थियो। पुस ८ गते भक्तपुरका २२ वर्षीय छोरालाई ४७ वर्षीय बुबाले र पुस ९ गते सप्तरीका २५ वर्षीय भाइलाई ३५ वर्षीय दिदीले कलेजो दान दिएर प्रत्यारोपण गरिएको थियो।

केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठको नेतृत्वमा केन्द्रले २०७३ मंसिर २२ गते दक्षिण कोरियाका चिकित्सकको प्राविधिक सहयोगमा देशमै पहिलोपटक कलेजो प्रत्यारोपणको सुरुआत गरेको थियो। त्यसपछि भारतको म्याक्स अस्पतालकका विशेषज्ञ चिकित्सकहरूको सहयोगमा कलेजो प्रत्यारोपण हुँदै आए पनि पछिल्लो समय नेपाली चिकित्सककै टोलीले सफलतापूर्वक प्रत्यारोपण सम्पन्न गर्न थालेको छ।

केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले मिर्गौलामा मात्रै नभई कलेजो प्रत्यारोपणमा पनि सफलता पाएपछि अब नेपाल कलेजो प्रत्यारोपणमा पनि आत्मनिर्भर हुन थालेको बताए। उनका अनुसार सुरुका केही वर्ष वार्षिक एक/दुई जनाको मात्र कलेजो प्रत्यारोपण गर्दै आएकामा अहिले वर्ष १० जनाको प्रत्यारोपणमा सफलता हासिल गर्न केन्द्र सक्षम भएको छ। केन्द्र स्थापनादेखि अहिलेसम्म एक हजार २०० भन्दा बढीको मिर्गौला प्रत्यारोपण गरिसकिएको उनले जानकारी दिए। *रासस*

## पृष्ठ १ बाट क्रमशः

### शक्ति फर्काउने...

माओवादी नेताहरू पनि यसमा सहमत नै छन्। तर, एकता प्रक्रियामा पनि ढिलाइ भइरहेको छ। जबकि, गत वर्षको चुनावअघि नै दुई पार्टीबीच एकताको चर्चा चलेको थियो। डा. भट्टराईले आफ्नो चुनाव क्षेत्र दाहाललाई छाडे। चुनाव जिताउन भोटै मागे। दाहालको दल माओवादीले पनि भट्टराईको दलका उम्मेदवार महेन्द्र राय यादवलाई पार्टीको चुनाव चिह्न गोलाकारभित्रको हँसिया हथौडा प्रयोग गर्न दिए। यादवले चुनाव पनि जिते।

यसरी पार्टी एकताको माहोल चुनावअघि नै बनेको थियो। तर, चुनाव सकिएपछि भने दाहाल-भट्टराईबीच दरार पैदा भयो। समाजवादी मोर्चा गठन हुँदा दाहालले भट्टराईलाई समेटेनन्। भट्टराई ती नेता हुन्, जो मोर्चाको एक जना परिकल्पनाकार हुन्। उनकै दल नेसपालाई बाहिर राखेर जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी (एस) र नेकपा सम्मिलित मोर्चा गठन भयो। यसपछि दाहालसँग भट्टराई बिच्किएका थिए। तर, १ मंसिरमा दाहालले भट्टराईलाई प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बोलाएका थिए। त्यहाँ उनीहरूबीच पार्टी एकताबारे छलफल भएको थियो। त्यसको दुई दिनपछि बसेको कार्यदल बैठकले पार्टी नाम, चुनाव चिह्न, सांगठनिक संरचनालगायत विषय टुंग्याउन एकता संयोजन समितिको औचित्य हुने जनाएको थियो।

सोहीअनुसार माओवादी र नेसपाले समिति गठन गरेका हुन्। यसअघि भट्टराईले माओवादीसँग एकताका लागि नौ बुँदे पत्र नै पठाएका थिए। दाहालले भने पत्रको जवाफ नौ महिना बित्दासम्म जवाफ पठाएका छैनन्। बरु, गत भदौमा माओवादी महासचिव देवप्रसाद गुरुङले सहअध्यक्ष यादवलाई पत्र पठाएर एकताका लागि आह्वान गरेका थिए। यसलाई लिएर दाहालसँग भट्टराईले असन्तुष्टि पोखेका थिए।

नेसपाका एक पदाधिकारीअनुसार एकातिर समाजवादी मोर्चामा नसमेटिनु र अर्कातिर पत्रको जवाफ नफर्काई पार्टीकै अर्का नेतालाई एकताका लागि आह्वान गर्दै पत्र पठाएपछि भट्टराई एकता प्रक्रियामै नआउने मनस्थितिमासमेत पुगेका थिए। उनी छ महिनासम्म त पार्टी संगठन विस्तारमा खटेका थिए। तर, यतिबेला भने उनी 'युटर्न' भएका छन्। पार्टी एकताउन्मुख छन्। एकता भएको अवस्थामा पार्टीको स्कुल विभागको नेतृत्व भट्टराईलाई दिनेगरी छलफल भएको पनि बताइएको थियो। माओवादीका एक नेताका अनुसार भट्टराईलाई दाहालले उत्तराधिकारी बनाउन पनि सक्ने छन्। एकता भने कहिले हुन्छ ? कुनै टुंगो छैन।

भट्टराई नेतृत्वको नेसपाबाहेक माओवादीले जसपा, नेकपा एकीकृत समाजवादी र नेकपासँग पनि एकता प्रयास गरिरहेको छ। कार्यदलहरूबीच यसअघि भने बारम्बार सम्वाद पनि हुने गरेको थियो। समाजवादी मोर्चा गठनपछि भने कार्यदलहरूको बैठक बस्नसमेत सकेको छैन। तर, सैद्धान्तिक र वैचारिक धरातलमा समानता रहेको भन्दै यी दलहरूलाई एकता प्रक्रियामा समेट्न दाहालले जोडबल गरिरहेका छन्। चुनावअघि दाहालले केही साना पूर्वमाओवादी घटकहरूलाई एकता प्रक्रियामा जोडेका थिए।

### माओवादीमा टुटफुट

नेकपा एकता केन्द्रको गोरखामा २-४ फागुनमा बसेको तेस्रो विस्तारित बैठकले पार्टी नाम परिवर्तन गर्दै नेकपा माओवादी राखेको हो। पार्टी अध्यक्ष दाहाल सुप्रिम कमाण्डर बनेर सशस्त्र युद्ध लडेको माओवादी पहिलोपटक १ फागुन २०६५ मा फुट्यो। नेता मातृका यादवले खरिपाटी भेलामा मधेस मुद्दा पार्टीको राजनीतिक दस्तावेजमा समावेश नभएको भन्दै असन्तुष्ट भएर अर्को माओवादी पार्टी गठनको घोषणा गरेका थिए। त्यसबेला उनले सक्कली नेकपा माओवादीलाई ब्युँताएको बताएका थिए। यसको चार वर्षपछि मोहन वैद्य पनि माओवादीबाट अलग भए। सेना समायोजन, संसदीय प्रणालीलगायतको विरोध गर्दै वैद्यले नेकपा-माओवादी गठन गरेका थिए। ४० प्रतिशत बढी नेता कार्यकर्ता लिएर अलग हुँदा माओवादीलाई दोस्रो संविधानसभा चुनावमा ठूलो क्षति भएको थियो।

अहिले वैद्य नेतृत्वको दलको नाम क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल छ। वैद्यपछि माओवादीबाट अलग भएका नेता डा. बाबुराम भट्टराई हुन्। उनी अलग भएपछि माओवादी थप रक्षात्मक बन्यो। अझ एमालेसँग १८ असोज २०७४ मा चुनाव गठबन्धन गर्ने निर्णय गरेपछि भने गोपाल किरातीसहितका नेताहरू असन्तुष्ट भए। उनी दाहाल नेतृत्वको नेकपा माओवादी केन्द्रबाट अलग भए। राजनीतिमा कम प्रभावी थुप्रै नेताहरू पनि माओवादी अलग भएका छन्। यसरी संसदीय राजनीतिक प्रणालीमा आएको डेढ दशकमै माओवादीहरू टुटफुटले ग्रसित बनेका बेला दाहालले एकताको जाल फर्याँकेका हुन्।

◆ ◆ ◆

### कृषि मन्त्रालयमा...

'सरकारले सचिवमात्र थुपार्नेभन्दा पनि मन्त्रालयलाई अझ प्रभावकारी ढंगले अगाडि बढाउने हो भने कृषि तथा पशुन्छी विकास मन्त्रालयमा एकै सचिवमात्र राख्दा राम्रो हुन्थ्यो,' ती अधिकारी भन्छन्, 'आर्थिक भार हुनेगरी किन चाहिएको दुई-दुई जना सचिव ?'

सरकारी सेवा सुविधामात्र उपलब्ध गराउनका लागि मन्त्रालयमा दुईजना सचिव राखिरहनु वास्तविक रूपमा नै कुनै अर्थ देखिँदैन। यदि मन्त्रालयमा सेवा समूहलाई मध्यनजर गर्दै दुई सचिव राखिएको हो भने पशुतर्फ सोही सेवा समूहमा काम गरेको व्यक्तिलाई सचिव बनाउने र कृषि सेवातर्फ पनि सोहीअनुरूप गर्नु पर्दछ। वन, वातावरण, कृषि र पशु सेवा समूहलाई एउटै क्लस्टरमा राखेर जुन किसिमले सचिव बढुवा गरिएको छ त्यो उचित देखिएको छैन। क्लस्टरबाटै बढुवा गर्ने र सचिव राख्ने हो भने एउटै सचिव कृषिका लागि काफी हुने सरोकारवालाको भनाइ छ।

◆ ◆ ◆

### सवारी दुर्घटनामा...

मृत्यु भएकामध्ये १० जनाको शव परीक्षण भइसकेको छ भने दुई जनाका आफन्त नआएकाले शव परीक्षण हुनसकेको छैन। शवलाई लमही अस्पतालमा राखिएको छ।

उक्त दुर्घटनामा परी २४ जना घाइते भएका थिए। घाइतेमध्ये चारजना गम्भीर, ११ जना मध्यम र नौजनाका अवस्था सामान्य रहेको प्रहरीको भनाइ छ। घाइतेमध्ये तीनजनाको उपचारपछि डिस्चार्ज भइसकेको छ। घाइतेमध्ये आठ जनाको बुटवल र १३ जनाको कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको छ।

### सेतोपहरा दुर्घटनामा पाँच जनाको मृत्यु

काठमाडौंको चन्द्रागिरि नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतोपहरामा शनिबार दिउँसो भएको सवारी दुर्घटनामा पाँचजनाको मृत्यु भएको छ। अपराह्न १:५५ मा भएको दुर्घटनामा परी चार जनाको घटनास्थलमै र एक जना घाइतेको उपचारका क्रममा मृत्यु भएको हो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक कुमोध ढुंगेलका अनुसार घटनास्थलमै मृत्यु हुनेमा काठमाडौं मैतिदेवीका ६७ वर्षीय ओमकार निधि तिवारी, सोही स्थानका ६४ वर्षीया कल्पना तिवारी, काठमाडौं लाजिम्पाटका डा. महेशकुमार गौतम र सोही ठाउँका चार वर्षीय प्रियान्स गौतम रहेका छन्। दुर्घटनामा घाइते छ वर्षीया स्मारिका गौतमको उपचारका क्रममा बल्खुस्थित बयोधा अस्पतालमा मृत्यु भएको उनले जानकारी दिए।

काठमाडौंबाट चित्लाङतर्फ जाँदै गरेको प्र३-०१-२३ च ६९८५ नम्बरको फोर्ड गाडी अनियन्त्रित भई सडकदेखि अन्दाजी ५०० मिटर तल खसी दुर्घटना भएको थियो। दुर्घटनामा स्मारिकाकी आमा डा. सृष्टि तिवारी गौतम सकुशल रहेको प्रहरीले जनाएको छ।

### बागलुङ जिप दुर्घटनामा दुई जनाको मृत्यु, नौ घाइते

बागलुङमा भएको जिप दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। शनिबार बिहान बुर्तिबाङ बजारबाट ढोरपाटन उपत्यका गइरहेको जिप ढोरपाटन नगरपालिका-५ अस्तुमा दुर्घटना भएको हो। दुर्घटनामा जिप चालक ढोरपाटन नगरपालिका-४ का ३० वर्षीय तिलक घर्तीमगर र चन्द्रागिरि नगरपालिका-११ काठमाडौंकी २८ वर्षीय संगीता अधिकारीको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय बुर्तिबाङले जनाएको छ। दुर्घटनामा नौ जना घाइते भएका छन्। जिपको ब्रेक फेल भएर दुर्घटना भएको प्रहरीले जनाएको छ। घाइते नौ जनाको उद्धार गरी बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याइएको छ।

*(राससको सहयोगमा)*


◆ ◆ ◆

### मलेसियामा उठ्यो...

एसोसिएसनका उपाध्यक्ष सुरेश तानले नेपाली श्रमिकको पक्षमा हेर्न मलेसिया सरकारको आफ्नै कानुन र संयन्त्र रहेको भन्दै कुनै तेस्रो पक्षको आवश्यकता नरहेको र त्यसको जिम्मेवार स्वयं रोजगारदाता हुने बताएका छन्।

यद्यपि यस सम्झौताको नेपालमा पनि सरोकारवालाहरूले चर्को विरोध गरेका छन् भने प्रधानमन्त्री पुष्पकमल दाहालले सम्झौता कार्यान्वयन नगर्न निर्देशन दिइसकेका छन्। कल्याणकारी कार्यमा सहयोग पुऱ्याउने भन्दै श्रमिक भर्नाबापत रोजगारदातासँग प्रतिव्यक्ति ४५ डलर शुल्क उठाउनेगरी बोर्डले मलेसियाको निजी कम्पनी एफडब्लुडब्लुएमसीसँग विवादास्पद सम्झौता गरेपछि चौतर्फी आलोचना भएको थियो।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस २९ गते २०८०, आइतबार

| | |
|---|---|
| मेष | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। |
| वृष | प्रेममा मनमुटावका साथै मन कमजोर रहला। |
| मिथुन | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन्। |
| कर्कट | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। |
| सिंह | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ। |
| कन्या | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ। |
| तुला | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला। |
| वृश्चिक | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ। |
| धनु | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| मकर | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला। |
| कुम्भ | प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ। |
| मीन | स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु होला। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस २९ गते, २०८०, १४ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६९ | १३३.२९ |
| युरो | १ को | १४५.०९ | १४५.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७४ | १६९.५० |
| स्विस फ्रैन्क | १ को | १५५.९६ | १५६.६६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८१ | ८९.२१ |
| क्यानाडियन डलर | १ को | ९९.२३ | ९९.६८ |
| सिंगापुर डलर | १ को | ९९.७२ | १००.१७ |
| जापानी येन | १० को | ९.२१ | ९.२५ |
| चिनियाँ युआन | १ को | १८.५२ | १८.६० |
| साउदी अरब रियाल | १ को | ३५.३८ | ३५.५४ |
| कतारी रियाल | १ को | ३६.४० | ३६.५६ |
| थाई भाट | १ को | ३.७९ | ३.८१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१३ | ३६.२९ |
| मलेसियन रिङेट | १ को | २८.५८ | २८.७० |
| दक्षिण कोरियन वन | १०० को | १०.०५ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १२.९४ | १३.०० |
| डेनिस क्रोनर | १ को | १९.४५ | १९.५४ |
| हङकङ डलर | १ को | १६.९८ | १७.०६ |
| कुवेती दिनार | १ को | ४३१.६८ | ४३३.६३ |
| बहराइन दिनार | १ को | ३५१.९५ | ३५३.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ।

# सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न तहगत जिम्मेवारी



**काठमाडौं–** संघ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारीभित्र पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको विभाजनसहित एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० जारी भएको छ ।

गत मंसिर २१ गतेको मन्त्रिपरिषद् बैठकले एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्वीकृत गरेको हो । हाल राज्यबाट विभिन्न १९ वटा कार्यक्रमअन्तर्गत ८७ वटा 'स्किम'मा सामाजिक सुरक्षा र संरक्षण उपलब्ध भइरहेका छन् । सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरू एकीकृत ढाँचामा सञ्चालन हुन नसक्दा विभिन्न सरकारी निकायबाट प्रदान गरिने सेवासुविधामा दोहोरोपना हुनाका साथै सञ्चालन खर्च बढेको थियो । सामाजिक सुरक्षा र संरक्षणका लागि अन्तरनिकाय जिम्मेवारी र जवाफदेहिता तथा संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धबारे स्पष्ट थिएन । एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाले तीन तहका सरकारको जिम्मेवारी निर्धारण गरेको छ ।

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू हाल १४ वटा मन्त्रालय र ती मातहतका विभिन्न निकायबाट कार्यान्वयन भएका छन् । प्रदेश सरकार र स्थानीय तहले पनि सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिरहेका छन् । यी कार्यक्रममा अन्तर-आबद्धता कायम गरी दोहोरोपन हटाउन नसकेको अवस्था छ । एकीकृत नीति कार्यान्वयनपछि यस्तो दोहोरोपन हट्ने र सामाजिक सुरक्षा कार्यक्रमप्रति तीनवटै तहका सरकारको जवाफदेहिता बढ्ने ठानिएको छ ।

### तहगत जिम्मेवारी

एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाअनुसार सामाजिक सुरक्षा भत्ता, सरुवा रोगको निःशुल्क उपचार, खाद्यान्न ढुवानी अनुदान, कुष्ठरोग नियन्त्रण, सुरक्षित नागरिक आवास कार्यक्रम, स्वास्थ्य बिमा कार्यक्रम र वैदेशिक रोजगारीका लागि आर्थिक सहायता कार्यक्रम संघीय सरकारको कार्य जिम्मेवारीभित्र समावेश गरिएको छ ।

संघ र प्रदेश सरकारको संयुक्त जिम्मेवारीमा निःशुल्क कानुनी सहायता, निवृत्तिभरण, उपदान, उपचार खर्च, बिमा, कर्मचारी सञ्चयकोष र सामाजिक सुरक्षा कोषका कार्यक्रम छन् । एड्स तथा यौनरोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण कार्यक्रम, जग्गा स्वामित्व प्राप्तिमा छुटलाई प्रदेशको एकल जिम्मेवारीमा राखिएको छ ।

तीनवटै तहको जिम्मेवारी रहेका कार्यक्रममा विपन्न स्वास्थ्य उपचार कार्यक्रम, राहत, उद्धार तथा पुनःस्थापना कार्यक्रम छन् । स्थानीय तहको एकल जिम्मेवारीमा सबै प्रकारका छात्रवृत्ति, विद्यालय खाजा कार्यक्रम, समाज कल्याण कार्यक्रम, हवाई उद्धार सेवा, बाल कल्याण सहयोग, बाली तथा पशुपन्छी बिमा, उखु उत्पादक किसान अनुदान, ब्याज अनुदान, जडीबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान र प्रधानमन्त्री रोजगार कार्यक्रम छन् ।

संघ र स्थानीय तहको जिम्मेवारीमा युवा स्वरोजगार कोष, मुक्त हलिया अनुदान, ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम छन् । प्रदेश र स्थानीय तहले संयुक्त जिम्मेवारीमा गर्नुपर्ने काममा आमा सुरक्षा कार्यक्रम, प्रसूतिपूर्वको सेवा, आमा र बच्चा पोषण परिपूरण कार्यक्रम छन् ।

सामाजिक सुरक्षा कार्यक्रममा तीन तहका सरकारबीच देखिएको दोहोरोपन हटाउन सूचना प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने आवश्यकता एकीकृत संरचनाले औंल्याएको छ । सबै निकाय तथा तहगत सरकारबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमलाई अब एकल प्रणालीमा आबद्ध गरिने छ । त्यसैगरी, सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई एकल परिचय नम्बरका आधारमा सामाजिक सुरक्षा उपलब्ध गराउने नीति सरकारले लिएको छ । सामाजिक सुरक्षाका हरेक कार्यक्रमको अलग-अलग संकेतका आधारमा बजेट व्यवस्थापन गर्ने नीति लिइने एकीकृत संरचनामा उल्लेख छ ।

भविष्यमा सञ्चालन गरिने सबै प्रकारका सामाजिक सुरक्षा भत्ता र सहयोग कार्यक्रमलाई अधिकारमा आधारित, आवश्यकतामा आधारित, बहुक्षेत्रगत सम्बन्ध तथा समन्वय र योगदानमा आधारित गरी चार प्रकारमा विभाजन गरिने भएको छ । अधिकारमा आधारित स्वास्थ्य, शिक्षा, आवासलगायत कार्यक्रममध्ये निःसर्त नगद हस्तान्तरणका काम संघ सरकारबाट कार्यान्वयन गरिने जनाइएको छ ।

गरिबी तथा जोखिममा रहेका व्यक्ति, परिवार तथा समुदायको आवश्यकता पूरा गर्न सामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिने छ । त्यस्तै, सामाजिक सुरक्षा र संरक्षणलाई जीवनयापन चक्रमा आइपर्ने गरिबी र जोखिम न्यूनीकरणका लागि आवश्यक संरक्षणका उपायका रूपमा विकास गरिने जनाइएको छ ।

सहभागिता, अपनत्व तथा वित्तीय दिगोपनासहितको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई सरकारले अधिक प्राथमिकता दिने एकीकृत संरचनामा उल्लेख छ । योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा लाभग्राही स्वयंको योदान, नेपाल सरकार वा तहगत सरकारबाट हुने योगदान, रोजगारदाताबाट हुने योगदान र तेस्रो पक्षीय योगदान रहने छ ।

### सामाजिक सुरक्षामा १४ प्रतिशत खर्च

नेपालमा सामाजिक सुरक्षाबाट ३२ प्रतिशतभन्दा बढी जनसंख्या लाभान्वित भइरहेको छ । सामाजिक सुरक्षामा क्रमशः बढ्दै गएको खर्च दायित्वका कारण यस्ता कार्यक्रमको विस्तार र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा कूल राष्ट्रिय बजेटको १४.८ प्रतिशत बजेट छुटयाइएको छ । चालु आर्थिक वर्षका लागि सरकारले कूल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रूपैयाँ बराबरको बजेट जारी गर्दा सामाजिक सुरक्षामा दुई खर्ब ५८ अर्ब ७९ करोड १९ रूपैयाँ बराबर छुटयाइएको छ ।

बर्सेनि दायित्व बढ्दै गए पनि वित्तीय स्रोत अभाव मुख्य समस्या हो । करिब पुँजीगत खर्चकै हाराहारीमा सामाजिक सुरक्षा शीर्षकमा खर्च हुन थालेपछि एकीकृत संरचनामार्फत वित्तीय स्थायित्वका विभिन्न उपाय पनि पहिचान गरिएका छन् । दोहोरोपन हटाउन एकीकृत सूचना तथा व्यवस्थापन प्रणाली अनिवार्य रूपमा लागू गर्ने र योगदानरहित स्किमलाई योगदानमा आधारित उपायमा परिणत गर्ने नीति सरकारले लिएको छ । त्यसैगरी, सामाजिक सुरक्षाको खर्च व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारको कोष एकीकृत रूपमा परिचालन गर्ने, निजी तथा सामुदायिक र गैरसरकारी क्षेत्रको सहभागिता अभिवृद्धि गर्नेलगायत विभिन्न विधि अपनाइने उल्लेख छ । नगदमा उपलब्ध गराइने सामाजिक सुरक्षाको भुक्तानीमा निश्चित प्रतिशत सामाजिक सुरक्षा कर लगाइनुपर्ने एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा उल्लेख छ । *रासस*

# उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान

**काठमाडौं (प्रस)–** आगामी माघ ११ गते बिहीबार हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि शनिबार उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिएको छ ।

निर्वाचन आयोगको स्वीकृत कार्यक्रमअनुसार शनिबार निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिह्न प्रदान गरेको हो । सातवटै प्रदेश निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिह्न प्रदान गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

निर्वाचनमा आठ राजनीतिक दलका ५१ जना उम्मेदवार मैदानमा छन् । उक्त निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारी मनोनयनपत्र दर्ता भएको थियो । आयोगका अनुसार कोशी प्रदेशमा पाँच, मधेसमा पाँच, बागमतीमा १५, गण्डकीमा आठ र लुम्बिनी प्रदेशमा छ जना उम्मेदवार छन् ।

कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा छ/छ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । सातै प्रदेशमा महिला समूहतर्फ १८, दलित समूहतर्फ पाँच, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायतर्फ आठ र अन्य समूहतर्फ २० गरी जम्मा ५१ जना उम्मेदवार छन् ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८०/०९/२९

यस कम्पनीको मिति २०८०/०९/०८ मा सम्पन्न वार्षिक/बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **काकेहाशी जापानिज ल्याङ्गवेज स्कूल प्रा.लि. (प्रा.लि. नं. ३०८१६६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **जापानिज ल्याङ्गवेज स्कूल काठमाण्डौ प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०९/२९ गते)

कृष्ण प्रसाद श्रेष्ठको नातिनी, विरेन्द्र श्रेष्ठको छोरी, रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं. ०२ बस्ने श्रुती श्रेष्ठको मिति २०७९/०९/३० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं.००१००२०१५४४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको बाबुले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय पुतलीसडक, काठमाण्डौं फोन नं : ०१-५३३२११२**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०९/२९**


यस कम्पनीको मिति २०८०/०८/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि.के. म्याजेष्टिक ट्रेक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ब्लीसफुल नेपाल ट्रकिङ्ग एण्ड टुर प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ब्लीसफुल नेपाल ट्रकिङ्ग एण्ड टुर प्रा.लि.**(प्रा.लि.नं.१२०७७५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०९/२९**

यस कम्पनीको मिति २०८०/०७/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लिडरसिप एकेडेमी नेपाल एट एसियन इन्स्टिट्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.** (प्रा.लि.नं. १६७५०३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


# पुस्तक बेचेर बन्द कारखाना सञ्चालन गर्ने अभियानमा महावीर



**तनहुँ–** राष्ट्रिय आविष्कार केन्द्रको सहयोगार्थ वैज्ञानिक डा. महावीर पुन पुस्तक बिक्रीका लागि पूर्व-पश्चिम महाअभियानमा निस्किएका छन् । तीस वर्षदेखि बन्द रहेको वीरगञ्ज कृषि औजार कारखाना सञ्चालनका निमित्त सहयोग जुटाउने अभियानअनुरूप उनी यस अभियानमा लागेका हुन् । प्रतिपुस्तक ७५० रूपैयाँमा बिक्री गर्ने गरिएको छ । जुनजुन स्थानबाट निम्तो आउँछ सोही स्थानमा पुगेर पुस्तक बिक्री गर्ने लक्ष्य रहेको उनले बताए ।

पुनको जीवन कथाका लेखक, केन्द्रका संस्थापक अध्यक्षसमेत रहेका डा. पुनले यतिबेला पुस्तक बिक्रीका लागि देश दौडाहामा दुई साता बिताइसकेका छन् । 'नौ महिनाको समय लगाएर बन्द रहेको कारखानालाई मर्मत गरी चल्ने बनाएको छौं,' उनले भने, 'औजार उत्पादनका लागि आर्थिक स्रोत जुटाउन पुस्तक प्रकाशित गरी बिक्री अभियानमा लागेको छु ।' नेपालका प्रतिभालाई स्वदेशमा राखेर सहयोग गर्ने र उद्यमी बनाउने लक्ष्यअनुरूप राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरेको उनले बताए । युवा प्रतिभाले उद्योग कलकारखाना खोलुन्, रोजगारीको सिर्जना गरुन र अर्थतन्त्र सबल बनाउन लागुन् भन्ने मुख्य उद्देश्य राष्ट्रिय आविष्कार केन्द्रको रहेको छ ।

काठमाडौंबाट गजुरी हुँदै धादिङ, धादिङबेंसीबाट मलेखु, मुग्लिन, गोरखा, आँबुखैरेनी, लमजुङको बेंसीसहर र बन्दीपुर हुदै तनहुँका विभिन्न सहरमा पुगेर पुस्तक बिक्री गरेका छन् । कुनै पनि सरकारको पालामा अर्थतन्त्र सुधार्ने काम गर्न नसकेको डा. पुनको आरोप रहेको छ । 'बेरोजगारीलाई रोजगारी र अर्थतन्त्रलाई सबल बनाउनका लागि राज्यले उद्योग, कलकारखानामा लगानी बढाउनुपर्छ,' उनले भने ।

'सरकारसँग पैसा नभए पनि कारखाना सञ्चालन गर्ने जिम्मा लिएका हौं,' उनले भने, 'मुखले मात्रै जिम्मा लिएर भएन काम र व्यवहारले पनि जिम्मा लिनुपर्छ भनेर यस अभियानमा निस्किएको हुँ ।' देशव्यापी अभियान रहेकाले बैतडी, महेन्द्रनगर, धनगढी, नेपालगञ्जबाट बुटवल चितवन, वीरगञ्ज, जनकपुर, काँकडभिट्टा, पाँचथर, मध्यपहाडी लोकमार्ग हुँदै काठमाडौं पुग्ने योजना रहेको छ ।

'राज्यले कलकारखाना खोल्नुपर्छ र लगानी गर्नुपर्छ । विकास निर्माणमा लगानी गरिएको छ, त्यसरी नै कलकारखानामा लगानी गर्नुपर्छ,' पुनले भने, 'कलकारखाना चलाएर मात्रै हुँदैन, परिणाम आउने गरी उद्योग सञ्चालन गर्न सक्नुपर्छ । यतिदिन घुम्ने भन्ने सीमा अवधि तोकिएको छैन्,' उनले भने, 'जसरी हुन्छ धेरैभन्दा धेरै पुस्तक बिक्री गर्ने लक्ष्यअनुरूप देशव्यापी दौरानमा निस्किएको छु ।'

हालसम्म २४ हजार पुस्तक बिक्री भइसकेको छ । करिब तीन लाखवटा पुस्तक बिक्री भएको अवस्थामा कृषि औजार कारखाना सञ्चालनमा ल्याउन सकिन्छ भन्ने विश्वास लिएको डा. पुनले बताए । तनहुँका विभिन्न पालिका र सर्वसाधारण नागरिकले पुस्तक किनेर सहयोग गरिदिएका छन् । *रासस*


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०९/१८ गते मित्रनगर गोरखा घार्चे गेष्टहाउस नजिक पार्किङ गरिराखेको अवस्थामा 220 cc Pulsar कालो, रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : राजु श्रेष्ठ**
**बाइक नं.: बा.प्र.०२-०४६ प ११६९**
**च्यासिस नं.: MD2A13EX8HCL82674**
**इन्जिन नं. : DKXCHL37002**
**ठेगाना: ककनी-७, नुवाकोट**
**सम्पर्क: ९७६७५४९४६२**

**Mandandeupur Municipality**
**Office of Municipal Executive**
**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

***(Date of Publication: 14th Jan 2024)***

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works and goods mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system ***www.bolpatra.gov.np/egp*** .

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Medicine For Mandandeupur Municipality | 25/Goods/ Medicine/NCB/ MDM/080/81 | 14/02/2024 12:00 hrs. | 14/02/2024 13:00 hrs. | Nrs.3000 | Nrs. 145000 | Nrs.5733520.00 |
| 2 | Ward nu-7 Ka Bibhinna(Sinchae) yojana Phase -2 | 26/Works/NCB/ MDM/080/81 | 14/02/2024 12:00 hrs. | 14/02/2024 13:00 hrs. | Nrs.3000 | Nrs.32500 | Nrs.1112586.96 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सडक सुरक्षा खोइ ?

**पछिल्लो २४ घण्टाभित्र देशको काठमाडौं, दाङ, बाग्लुङलगायत विभिन्न ठाउँमा भएको सवारी दुर्घटनामा २१ जनाले ज्यान गुमाए । यति धेरै मानिसले एकैदिन ज्यान गुमाउनु ज्यादै दुःखद् हो । उनीहरूको निधनले कोही अभिभावकविहीन बने । कोही परिवारले भरोसा गुमाए । परिवारका सदस्यहरू शोकमा छन् । दुर्घटनाका घाइतेहरू अझ धेरै छन् । घाइतेमध्ये धेरै कतिपय शारीरिक रूपमा अशक्त हुने हुने छन् । यसकारण सवारी दुर्घटना दुःखै दुःखको प्रारम्भ बिन्दु हो ।**

**सडक सुरक्षाबारे बहस र अभियान चलेको धेरै भए पनि दुर्घटना न्यूनीकरण हुन सकेको छैन । नेपालमा हरेक दिन औसतमा सात/आठ जना मानिसले सवारी दुर्घटनामै परी ज्यान गुमाउने गरेका छन् । कम्तीमा ४० जना घाइते हुने गरेका छन् । दुर्घटनाबाट मात्रै दुई हजार ८०० भन्दा बढीको हरेक वर्ष मृत्यु हुने र साढे १४ हजार मानिस दुर्घटनाका कारण घाइते भएका तथ्यांक सरकारी निकायसँग छ । सडक र त्यस क्षेत्रका संरचनासँगै सवारीमा पुग्ने क्षति अबौं छ । यी तथ्यहरूले देशको सडक सुरक्षाको वास्तविक चित्र देखाउँछन् । अर्थात्, सडक सुरक्षा चिन्ताजनक छ ।**

**यसले गर्दा तात्कालिक आवश्यकता सडक सुरक्षाबारे सचेतना अभियान चलाउनुपर्ने देखिएको छ । सार्वजनिक, निजी, दुई पांग्रेलगायतका चालकलाई सातामा कम्तीमा एकपटक सडक सुरक्षाबारे अनुशिक्षण दिनुपर्ने देखिन्छ । त्यस्तै, सडकको स्तरोन्नति सडक सुरक्षाको आधारभूत सर्त हुनाले यसतर्फ पनि संघ सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँगै प्रदेश र स्थानीय सरकारको ध्यान जानुपर्छ ।**

**विद्यालय तहको पाठ्यक्रममै सडक सुरक्षाबारेको शैक्षिक सामग्री समावेश गर्नु औचित्यपूर्ण हुने छ । अर्को महत्त्वपूर्ण पक्षचाहिँ सडक पूर्वाधारको मापदण्ड नियमित चेकजाँच, निरीक्षण र अनुगमन गर्नुपर्ने देखिएको छ । होइन भने २४ घण्टाभित्र जसरी सवारी दुर्घटनाका कारण २१ जनाले ज्यान गुमाए भने दोब्बर बढी घाइते भए, यस्ता कहालीलाग्दा दुर्घटनाहरू दोहोरिन सक्छन् । जुन निकै पीडादायी हुने छन् । त्यसले गर्दा यसतर्फ सम्बन्धित सरोकारवालाहरू थप संवेदनशील हुन जरुरी छ । नभए शुक्रबार राति दाङको भालुबाङमा १२ जनाको मृत्यु, आठ जना घाइते, काठमाडौंबाट चित्लाङ जाँदै गर्दा भएको दुर्घटनामा पाँच जनाको मृत्यु, बाग्लुङको टच्याङखोला जिप दुर्घटनामा दुईजना, काठमाडौंको सोल्टी दोबाटोनजिक एक जना चालक र झापाको झापा गाउँपालिका एक जनाको सवारी दुर्घटनाकै कारण ज्यान गएको छ ।**

**यसरी यस्ता दुःखदायी घटनालाई न्यूनीकरण गर्न पनि सडक सुरक्षाबारे संवेदनशील हुन आवश्यक छ । यसतर्फ सम्बन्धित सबै सरोकारवालाको गम्भीर हुनैपर्छ । प्राविधिक कारणले हुने दुर्घटनालाई रोक्न सकिन्न तर मानवीय असावधानीबाट हुने दुर्घटना रोक्न सचेतनात्मक कार्यक्रम प्रभावकारी बन्न सक्छ ।**

## मनन्योग्य

### चाणक्य नीति

नजिकै आएपछि त्यस रथमा चाणक्यलाई देखी आश्चर्यमा परे । चाणक्यले हात जोड्दै नीति शिरोमणि ! परमगुणी महामात्य राक्षसलाई प्रणाम । 'चाणक्य तपाईलाई फेरि पाटलीपुत्र लैजान आएको छु । किन कि हीराको शाभा उचित ठाउँमा नै हुन्छ ।' राक्षस केही क्षोभले बाले-'अब यस्ता वचन भी मलाई किन लज्जित गर्छौ ? मेरा साथमा अब के नै छर ?'

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्', हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

उनले अबोध बालक बन्दै भने-'यो के भन्दै हुनुहुन्छ गुरुदेव ! तपाईविना म यति ठूलो साम्राज्य कसरी सम्हाल्न सक्छु ? तपाईको मार्गदर्शनको अभावमा त कुनै पनि हुरीने एकै झट्कामा चन्द्रगुप्त हराउँछ, विलाउँछ । ' तपाई विना त चन्द्रगुप्त आफ्नो कल्पना पनि गर्न सक्दैन ।

यो विशान राज्य जरो अब यति बलियो भइसक्यो, शताब्दीसम्म कसैले यसपछि आँखा उठाएर हेर्न सक्तैन । यो साम्राज्य मजबूत हो यो पनि जान्छु मेरो ठाउँमा अत्यन्त गुणी चरित्रवान देशभक्त राक्षस महामात्य पदमा बस्छन, यो चाणक्यको अन्तिम इच्छा हो। राक्षस महामात्य पदमा बस्नेछन् भनी चाणक्यले आत्मविश्वाससँग भने । 'तर के राक्षसले यो प्रस्ताव स्वीकार्लान् । किन कि, बारम्बार असफलतापछि पनि आफ्नो पराजयको चोट उनका हृदयमा बसिरहेको छ' चन्द्रगुप्तले पीडित हुँदै भने ।

"होइन बाबू ! सामूहिक जयले व्यक्तिगत पराजय हुदैन, तर व्यक्तिगत पराजयले ठूलोभन्दा ठूलो विजयमा पनि घोचिरहन्छ । राक्षसलाई आफ्नो बनाउन मैले जीवनको सबभन्दा ठूला साधना अहिले नै पूर्ण गर्नुपर्छ ।' म राक्षसको खोजी गर्न जान्छु भन्दै राजभवनबाट निस्के र राक्षसलाई खोजी छाडे । एउटा शीघ्र गति गएको बग्गी चढेर बाटो हिँड्ने रथबाट चाणक्य राक्षसलाई भेट्न जंगलतिर हिँडे ।

क्रमशः

# मातृभाषाको समाचार सेवा र औचित्य



**सिद्धराज राई**

> रासससले मातृभाषामा आफ्नो सेवा विस्तार गर्दा संविधानमा भएको संघीयता र समावेशीको मर्मलाई समेत आत्मसात् गरेको ठहरिन्छ । अब अन्य मातृभाषाको समाचार सेवाका लागि वीरगञ्ज महानगरपालिका, काठमाडौं महानगरपालिका, मधेस प्रदेश र बागमती प्रदेश सरकारसँग छलफल अगाडि बढेको छ । यसै आर्थिक वर्षभित्र केही थप भाषामा समाचार सेवा दिने सम्भावना रहेको छ । यसले राससको इतिहासमा थप इँटा थपिने छ ।

नेपालको संविधान, २०७२ ले नेपाल विविधायुक्त बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो भनेर परिभाषित गरेको छ । संविधानको यही मर्मअनुसार नेपालमा विभिन्न जातजातिको भाषा, संस्कृतिको संरक्षण विकास र उन्नयनमा काम हुँदै आएको छ । संविधानको मर्म र भावनालाई आमसात् गर्ने र त्यसलाई कार्यान्वयन गर्ने दायित्व राज्यका निकायहरूको हो । त्यसैले राष्ट्रिय समाचार समिति (रासस)ले पनि समावेशी चरित्र भएको नेपाली समाजलाई स्वीकार गर्नुपर्ने नैतिक दायित्व रहेको छ । यही कारण रासस स्थापना भएको ६३ वर्ष नयाँ सेवाका रूपमा मातृभाषाको समाचार सेवालाई शुभारम्भ गरेको छ । मातृभाषाको समाचार सेवामा राससले पहिलोपटक अवधी भाषालाई समेटेको छ ।

वि.सं. २०१८ फागुन ७ गते स्थापना भएको रासस ६३औं स्थापना दिवस मनाउने सँघारमा छ । देशमा पञ्चायती व्यवस्थाको अन्त्यपछि २०४६ को जनआन्दोलनबाट पुनःस्थापित प्रजातान्त्रिक व्यवस्थामा राससले थप उन्नति र विकास गर्ने अवसर पाएको हो । वि.सं. २०६२/६३ को ऐतिहासिक जनआन्दोलन, १० वर्षको सशस्त्र द्वन्द्वपछि भएको बृहत् शान्ति सम्झौताले नेपालमा एउटा नयाँ राजनीतिक परिवर्तन ल्यायो । नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । यही संविधानकै जगमा उभिएर नेपालमा पहिलो संविधानसभाको निर्वाचन भयो भने नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा लैजाने आधारशिला तयार गरेको हो । यही व्यवस्थाअनुसार राससले हालसम्म निरन्तर समाचार सेवा सञ्चालन गर्दै आएको छ ।

प्रारम्भमा राससले नेपाली भाषाबाट समाचार सेवा सुरुआत गरेको हो । सेवालाई विविधीकरण गर्ने क्रममा २०२० फागुन १८ देखि अंग्रेजीमा समाचार बुलेटिन प्रकाशन गर्न थाल्यो । यसबीचमा अन्तर्राष्ट्रिय समाचार, आलेख, तस्बिर, अडियो, भिडियो सेवा सञ्चालन गरे पनि यी सबै नेपाली र अंग्रेजी भाषामामात्रै थियो । राज्यद्वारा सञ्चालन भएका गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनले धेरै वर्ष अगाडिदेखि नेपाली, अंग्रेजी भाषासँगै मातृभाषामा समाचार प्रकाशन/प्रसारण र विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् । तर राससले नेपाली र अंग्रेजी भाषाबाहेक अन्य भाषामा समाचार सेवा सञ्चालन गर्न नसकेको तीतो यथार्थ रहेको छ । यही तथ्यलाई मध्यनजर गर्दै राससको वर्तमान व्यवस्थापनले मातृभाषाका समाचार सेवा सञ्चालन गर्ने निर्णय गऱ्यो । यही निर्णयलाई कार्यान्वयन गर्न पटक-पटक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका मन्त्री, सचिव, सहसचिवहरूसँग औपचारिक र अनौपचारिक छलफल भएका छन् । आर्थिक र नैतिक सहयोगको अपेक्षासहित भएका ती छलफलमा मन्त्रालयबाट सहयोग हुने प्रतिबद्धता प्राप्त भएको छ र आवश्यक प्रक्रिया अगाडि बढेको छ ।

मन्त्रालयबाट आउने सहयोग प्रक्रियागत कारणले केही ढिलो हुने अवस्था भएपछि रासस व्यवस्थापनले मातृभाषाका समाचार सेवा सञ्चालनका लागि थप स्रोत पहिचान गरी प्रदेश सरकार र स्थानीय सरकारसँग छलफल अगाडि बढायो । यही सिलसिलामा सबैभन्दा पहिले नेपालगञ्ज उपमहानगरपालिकाले सहकार्य गर्न अग्रसरता देखायो । आवश्यक प्रक्रिया पूरा गरी यही पुस ८ गते अवधी भाषाको समाचार सेवा सञ्चालन गर्न रासस र नेपालगञ्ज उपमहानगरपालिकाबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो । यही सहमतिअनुसार मातृभाषा समाचार सेवा शुभारम्भ भएको छ । यो कार्यले राससमा एउटा नयाँ इतिहास लेखिएको छ । यो अवसर दिने नेपालगञ्ज उपमहानगरपालिका परिवारलाई अवधी भाषिक समुदायले सधैं स्मरण गर्ने छन् । भाषिक समुदायप्रति जिम्मेवार बनेको उपमहानगरपालिका परिवार साँच्चिकै धन्यवादयोग्य छ ।

राससले मातृभाषामा आफ्नो सेवा विस्तार गर्दा संविधानमा भएको संघीयता र समावेशीको मर्मलाई समेत आत्मसात् गरेको ठहरिन्छ । अब अन्य मातृभाषाको समाचार सेवाका लागि वीरगञ्ज महानगरपालिका, काठमाडौं महानगरपालिका, मधेस प्रदेश र बागमती प्रदेश सरकारसँग छलफल अगाडि बढेको छ । यसै आर्थिक वर्षभित्र केही थप भाषामा समाचार सेवा दिने सम्भावना रहेको छ । यसले राससको इतिहासमा थप इँटा थपिने छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १४२ जातजाति, १२४ मातृभाषा र १० धर्म रहेका छन् । यी मातृभाषामध्ये एक प्रतिशतभन्दा बढीले बोल्ने भाषा १३ वटा रहेका छन् । मध्यपश्चिम तराईमा बोलिने अवधी भाषा २.९६ प्रतिशत जनसंख्याले बोल्ने गरेको तथ्यांक राष्ट्रिय जनगणना २०७८ मा उल्लेख छ । यी तथ्यले नेपाल अल्पसंख्यक समुदायको देश हो भन्ने बुझ्न सकिन्छ । त्यसकारण सबै जाति, समुदाय, भाषाको उन्नति, विकास र संरक्षण गर्ने दायित्व राज्यको हो ।

मातृभाषामा गरिने पत्रकारिता वा सञ्चार कर्म नै मातृभाषा पत्रकारिता हो । नेपालमा राज्यद्वारा सञ्चालित सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित मिडियाले मातृभाषाको पत्रकारिता गरिरहेका छन् । मातृभाषाको विकास र जगेर्ना गर्न यिनै मिडियामा काम गर्ने पत्रकार । सञ्चारकर्मीको प्रयास प्रशंसायोग्य रहेको छ । देशभरि खुलेका अधिकांश रेडियो र टेलिभिजनले मातृभाषामा समाचार र कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । मातृभाषामा पत्रपत्रिकाहरू समेत प्रकाशित भइरहेका छन् । ती मिडियालाई समाचार सामग्रीको अभाव भएको हामीले प्रत्यक्ष देखेका छौं र अनुभूति गरेका छौं । त्यस्ता मिडिया सञ्चालन गर्न र नेपालमा मातृभाषाको पत्रकारितालाई टेवा दिन राससको मातृभाषाको समाचार सेवाले सहयोग पुग्ने अपेक्षा गरेका छौं ।

राससले मातृभाषामा समाचार सम्प्रेषण गरेपछि सम्बद्ध भाषामा प्रकाशन हुने पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन र अन्य समाचार संस्थालाई सहयोग पुग्न सक्ने छ । मातृभाषामा समाचार सेवा सञ्चालन गरेपछि जनताको तहसम्म सूचना प्रवाहलाई प्रभावकारी बनाउन सकिने छ । समाचार सेवाले सम्बद्ध भाषाको संरक्षण र विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने छ ।

नेपालमा पछिल्लो दिनमा मातृभाषामा सञ्चालन हुने सञ्चारमाध्यमले जनशक्ति र आर्थिक स्रोतको अभावमा सम्बद्ध भाषामा आवश्यक कन्टेन्ट (प्रकाशन-प्रसारण सामग्री) प्राप्त गर्न नसक्दा ठूलो समस्या भोगिरहेका छन् । फलतः ती सञ्चारमाध्यम कि त अत्यन्त समस्यामा छन् र बन्द हुने अवस्थामा छन् कि त बन्द भइसकेका छन् । राससले सम्बद्ध भाषामै सामग्री उपलब्ध गराउन सकेका खण्डमा सम्बन्धित भाषी सञ्चारमाध्यमले भोग्ने यस्ता समस्यालाई केही हदसम्म अन्त्य गर्न सहयोग पुग्ने छ । राससले मातृभाषामा आफ्नो सेवा विस्तार गर्दा संविधानको संघीयता र समावेशीको मर्मलाई समेत आत्मसात् गरेको ठहरिन्छ । संघीयता र समावेशिता कार्यान्वयन गर्नु राज्यको दायित्व हो । त्यसैले राससले प्रारम्भ गरेको मातृभाषा समाचार सेवालाई राज्य सञ्चालन गरिरहेको सरकारकै कार्यक्रमका रूपमा लिइनुपर्छ ।

आज नयाँ प्रविधिले पत्रकारिता गरिरहेका पत्रकार र संस्थालाई चुनौती दिइरहेको अवस्था छ । पत्रकारिता नयाँ स्वरूपमा अगाडि बढिरहेको २१औं शताब्दीमा राससले पनि नवीनतम् सोचका साथ काम गर्नुपर्ने बाध्यात्मक परिस्थिति रहेको छ । विश्वस्तरीय समाचार एजेन्सीका रूपमा विकसित गरी विश्वका अन्य समाचार एजेन्सीसँगको प्रतिस्पर्धाका लागि तयार रहनु राससका लागि अपरिहार्य छ । त्यसैले राससलाई यथास्थितिबाट अगाडि बढाउनुको विकल्प छैन । राससलाई अगाडि बढाउने कार्यमा मातृभाषाको समाचार सेवाले नयाँ आयम थपेको छ भन्दा फरक पर्दैन ।

राससले मातृभाषामा समाचार सेवा प्रारम्भ गर्नुले देशको जातीय र भाषिक विविधतासँगै मिडिया बहुलवादबाट स्वीकारसमेत गरेको छ । मिडियाको विषय र सन्दर्भमात्रै विविधता छ भन्ने बुझाइलाई फराकिलो बनाउने क्रममा अब मिडियाको भाषामा पनि विविधता छ भनेर हामीले स्वीकार गरेका हौं । राससको यो सानो कार्यले भाषा नबुझ्ने भाषिक समुदायलाई आफ्नै सूचना प्राप्त गर्ने अधिकारको सुनिश्चित पनि गरेको हो । यस्तै जनताले आफ्नै भाषामा सूचना प्राप्त गरी विचार निर्माण गर्न पाउने र अभिव्यक्ति गर्ने अवसरका रूपमा पनि यस सेवालाई लिन सकिन्छ ।

मातृभाषामा समाचार सेवा सञ्चालन गर्दा सूचना प्रवाहलाई प्रभावकारी बनाउन सकिने र भाषाको संरक्षण र विकासमा प्रभावकारी भूमिका रहने छ । मातृभाषामा सञ्चालित सञ्चारमाध्यम समाचार सामग्रीको अभावमा संकटग्रस्त बन्न पुगेका बेला राससद्वारा सञ्चालित मातृभाषाका समाचार सेवाबाट त्यस्ता सञ्चारमाध्यम लाभान्वित हुने विश्वास छ । मातृभाषाको संवर्द्धन, संरक्षण र विकासमा पनि राससको उक्त सेवाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने नै छ । सबै प्रदेशको एउटा भाषाको प्रतिनिधित्व हुनेगरी मातृभाषाको समाचार सेवा सञ्चालन गर्ने योजनामा रासस अगाडि बढेको छ । यसमा संघीय, प्रदेश र स्थानीय सरकारको सहयोग हुने छ भन्ने अपेक्षा गरेका छौं ।

*(लेखक राससका महाप्रबन्धक हुन्)*

# विद्युत् व्यापारमा दीर्घकालीन रणनीतिको खाँचो



**टंककला तिमिल्सिना**

नेपालमा ऊर्जा व्यापारको विषय अहिले चर्चाको विषय बनिरहेको छ । सरकारले समेत ऊर्जालाई महत्त्वाकांक्षी योजनाको रूपमा अगाडि बढाउँदै यसैबाट समृद्धिको सपना देखेको छ । नेपालको जलस्रोतलाई अधिकतम् प्रयोग गर्दै ऊर्जा उत्पादन गर्ने र यसलाई राष्ट्रिय पुँजीको रूपमा विकास गर्ने भन्दै मुलुकको स्वार्थलाई केन्द्रमा राख्न थालिएको छ ।

कतिपयले नेपालमा ऊर्जा संकटकाल नै घोषणा गरेर विद्युत् उत्पादनमा जोड दिनुपर्ने विषय प्रमुखताका साथ उठाइरहेका छन् । मुलुकमा गहिरिँदै गएको रोजगारी संकट, आर्थिक-सामाजिक-सांस्कृतिक समस्यालाई सामूहिक पार लगाउने विषय आर्थिक समृद्धिसँग जोडिएको छ भने आर्थिक समृद्धिलाई जलविद्युत्सँग ।

नदीनाला, खोला र हिमशृंखलाबाट बग्ने पानी अहिले कहिले विपत् ल्याउने बाढी त कहिले जनताको जीवन मास्ने खहरेजस्तो बनिरहेको छ । नेपालमा जलविद्युत् उत्पादन र यसको प्रयोगमा व्यापकता ल्याउन नसकेकै कारण यस्तो भएको भन्नेहरू पनि कम भने छैनन् । तर, के हाम्रा सबै नदी र खोलानालाबाट उत्पादित विद्युत्ले मुलुकको आर्थिक आकार फेर्न सक्छ ? गहन रूपमा यो विषयमा अनुसन्धान आवश्यक छ ।

### ऊर्जा संकटकाल किन ?

नेपाल जलस्रोतले भरिपूर्ण मुलुक हो । पहाड, डाँडाकाँडाले भरिएको मुलुक भएकाले पनि प्राकृतिक रूपमा विद्युत् उत्पादन सहज भएको तर्क गरिन्छ । पहाड फोरेर विभिन्न जिल्लामा उत्पादन गरिएका विद्युत् परियोजनाले पनि नेपालमा विद्युत् उत्पादनको सम्भावना रहेको पुष्टि गर्छ । तर, लगानी त्यहीअनुसारको हुन्छ । ठूला आयोजनाहरू सम्पन्न गर्न बस्ती हटाउनुपर्नेदेखि पहाडमा सुरुङ खन्नुपर्नेसम्मका अवस्था छ । यस्तोमा पनि नेपाललाई ऊर्जा संकटकाल घोषणा गरेर विद्युत् उत्पादनमा जोड दिनुपर्ने आवाज बाक्लो बन्न थालेको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले ऊर्जा संकटकालको घोषणा गरेर विद्युत् उत्पादनलाई तीव्रता दिनुपर्नेमा जोड दिइरहेको छ । इप्पानका अध्यक्ष गणेश कार्की नेपालको विद्युत् किन्न भारतलगायतका मुलुक तयार भएकाले उत्पादनलाई तीव्रता दिनुपर्नेमा जोड दिन्छन् । पछिल्लो समय नेपालमा हाइड्रो कम्पनीहरूले विद्युत् उत्पादन र सर्वसाधारणमा सेयर जारी गर्ने क्रमले पनि विद्युत्को चर्चा थप चुलिएको छ ।

### विद्युत् बजारको खोजी

नेपालमा विद्युत् उत्पादनलाई सरकारले नै महत्त्वाकांक्षी योजना बनाएर लगानी सम्मेलनदेखि विभिन्न कामहरू गरिरहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो तेस्रो कार्यकालको पहिलो भारत भ्रमणका क्रममा विद्युत् व्यापारलाई केन्द्रमा राखेका थिए । भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट विद्युत् खरिद गर्ने गरी सम्झौता भयो । त्यसपछि भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणको क्रममा यसलाई मूर्तरूप दिने काम भएको छ । तर, भारतले किन्ने विद्युत्बारे विभिन्न आशंका भने कायमै छन् । के भारतले आफ्नो लगानीबाहेकको बिजुली किन्छ ? मूल प्रश्न यही छ । भारतले नेपालबाट खरिद गर्ने भनेको बिजुलीलाई हरित अर्थमा बदल्ने भन्दै घोषणा गर्न थालिएको विषय पनि यसैको अंगको रूपमा लिने कि नलिने भन्ने आशंकालाई पनि निर्क्योल गर्न आवश्यक छ ।

नेपालको विद्युत् बजार भारतलाई मात्रै केन्द्रमा राखेर जसरी बहस छलफल र सम्झौता हुने क्रम बढेको छ, यसले पनि नेपाललाई हानि पुऱ्याउने सम्भवना बलियो देखिन्छ । नेपालले विश्वका विभिन्न मुलुकलाई नेपालमा उत्पादित बिजुली बेच्ने र उनीहरूलाई लगानी गर्न पनि प्रोत्साहित गर्नुपर्छ । अन्यथा विद्युत् उत्पादन र बिक्रीको सपना साकार नहुन सक्छ ।

### विद्युत् नीति

नेपाल पञ्चशीलतामा आधारित असंलग्न राष्ट्र हो । नेपालले अंगालेको परराष्ट्र नीति शक्ति राष्ट्रको दृष्टिकोणको आधारमा डगडगाउने गरेका कारण अब नेपाललाई छुट्टै विद्युत् नीतिको आवश्यकता छ । नेपालले अहिले अँगालेको परराष्ट्र नीतिबाट नेपालमा उत्पादित बिजुलीलाई बजारीकरण गर्न अन्तर्राष्ट्रिय समुदाय र मुलुकसँग सहकार्यको खाँचो छ । यस्तो अर्थमा नेपालले अब छुट्टै विद्युत् नीति बनाउन ढिला भइसकेको छ ।

नेपाललाई किन छुट्टै विद्युत् नीतिको आवश्यकता छ भन्ने विषय बुझ्न भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमण, १० वर्षमा १० हजार मेगावाट बिजुली किन्ने सम्झौता र प्रधानमन्त्री दाहालको पछिल्लो अभिव्यक्तिलाई मानक मान्न सकिन्छ । प्रधानमन्त्री दाहालले भारतसँग विद्युत् सम्झौतापछि संसदीय समितिमा भारतले राखेको विषयमाथि गम्भीर विषय उठान गरेका छन् । भारतले चीनले लगानी गरेका विद्युत्गृहबाट उत्पादित बिजुली नकिन्ने प्रस्ट सन्देश दिएको छ । प्रधानमन्त्री दाहालले भारतले चिनियाँ लगानीका विद्युत्गृहबाट उत्पादित बिजुली नकिन्ने र यसमा 'रिजर्भेसन' राखेको बताए । यसरी हेर्दा नेपालको विद्युत् उत्पादनमा मात्रै जोड दिएर पुग्छ त ? प्रश्न उठेको छ । यसकारण नेपाललाई छुट्टै विद्युत् नीतिको आवश्यकता छ ।

### लगानी जोखिम न्यूनीकरण

नेपालले आफ्नै लगानीमा आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली उत्पादन गर्ने क्षमता राख्छ ? पक्कै पनि राख्दैन । यसकारण पनि नेपालले निजी र विदेशी लगानीलाई प्रोत्साहित गर्नुको विकल्प छैन । तर, विदेशी लगानी सुरक्षित गर्ने योजना के-के हुन् ? त्यो सरकारले प्रस्ट पार्न सक्नुपर्छ । कुनै पनि विदेशीले लगानी गरेपछि आफ्नो लगानी र मुनाफा खोज्छ नै । यसकारण लगानी जोखिम न्यूनीकरणका लागि पनि आवश्यक गृहकार्य गर्न जरुरी छ ।

विद्युत् बजार र त्यसबाट हुने आम्दानीका अंकलाई मात्रै हेरेर आर्थिक समृद्धिका हाँक दिएर अब पुग्दैन । भारतले चिनियाँ लगानीको बिजुली नकिन्ने, चीनले भारतको लगानीको नकिन्ने वा यस्ता अन्य समस्या देखिएमा विद्युत्बाट समृद्धि सम्भव हुने छैन । सरकारले अब विभिन्न मुलुकमा नेपालको बिजुली बजार खोज्ने र कूटनीतिक माध्यमबाट नेपालमा लगानीको वातावरणलाई पारदर्शी र लगानीमैत्री बनाउँदै काम गर्नुपर्छ । विश्वबजारमा बिजुलीको माग र त्यसको आपूर्तिमा सरकारले आफैं जिम्मेवारी लिएर बजार खोज्दै मुलुकलाई हरित अर्थतन्त्रमा बदल्ने काम गर्न आवश्यक कदम चाल्नैपर्छ ।

### मुलुकमै खपत र रोजगारी सिर्जना

विद्युत् उत्पादन र यसलाई बेचेर आर्थिक रूपमा सम्पन्न बन्ने योजना झट्ट सुन्दा राम्रो देखिए पनि विभिन्न कारण यो विषय जटिल नै छ । तर, उत्पादित बिजुलीलाई नेपालमै खपत गर्ने र ग्यास, पेट्रोलजस्ता पदार्थको प्रयोगमा न्यूनीकरण गरेमात्रै पनि नेपालले समृद्धिका सपना देख्न थाल्दा हुन्छ । खबौं रूपैयाँ ग्यास-पेट्रोल खरिदका लागि वार्षिक बाहिरिने गर्छ । सबैको भान्सामा ग्यास सिलिण्डर छ । अधिकांशको घरमा पेट्रोल इन्जिन सवारीसाधन जोडिनेक्रम जारी छ । ढुवानीदेखि अन्य विषयमा पनि पेट्रोलियम पदार्थमै निर्भर हुनुपर्ने अवस्था छ । जसका कारण अर्थतन्त्र थप जगडिएको छ । यसलाई चिर्दै बिजुली प्रयोगमा सचेतता अपनाउने र सबै नागरिकको घरमा बिजुली पुऱ्याउने काममा सरकारले जोड दिनुपर्छ । बिजुली बेच्ने विषयलाई प्राथमिकतामा राख्दै पहिले मुलुकमै खपत गर्ने र नागरिकलाई सहुलियतपूर्ण व्यवस्था गरिदिए, यसले धेरै ठूलो प्रभाव कायम गर्नेमा कुनै शंका छैन ।

विद्युत् उत्पादनसँगै यसले मुलुकमा रोजगारी सिर्जना गर्नेमासमेत ठूलो योगदान पुऱ्याउने छ । हाम्रा नागरिक खाडी मुलुकमा पेट्रोल पम्पदेखि खानीमा काम गर्न जान हारालुछ गर्ने अवस्था छ । राम्रो कमाइ हुने र त्यहाँ जीवन सुरक्षित हुने बुझाइ छ । यस्तोमा हाम्रा विद्युत्गृह, उत्पादन क्षेत्र र उत्पादित बिजुलीले आकर्षक रोजगारी सिर्जना गर्ने विषयमा पनि सोच्न जरुरी छ । बढ्दो बेरोजगारी दर न्यूनीकरण गर्न यसले योगदानमात्रै गर्ने छैन, आमनागरिकमा बढ्दो निराशालाई समेत कम गर्दै लैजाने छ ।



**प्रविधिमैत्री शिक्षा** | म्याग्दीको बेनी नगरपालिका–४ डाँडाखेतमा रहेको बालमन्दिर आधारभूत विद्यालयका विद्यार्थीहरू कम्प्युटर विषयको प्रयोगात्मक अध्ययन गर्दै । *तस्बिर: कमल खत्री/रासस*

# माघी पर्वको तयारीमा कञ्चनपुरका थारु समुदाय

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका–३ पिपलाडीकी आशीदेवी डगौंरा सामुदायिक वनबाट ल्याएको सालका पातका दुनाटपरी गाँस्ने कार्यमा व्यस्त देखिन्छिन् । माघी पर्व आउन एक दिनमात्रै बाँकी रहँदा उनको घरायसी कार्यमा निकै व्यवस्तता बढेको छ ।

'माघीमा घरमा आउने पाहुनालाई परिकार पस्कनका लागि दुना, टपरी बनाउनै पर्‍यो,' आशीदेवीले भनिन्, 'दुना, टपरीमा परिकार दिने चलन पुरानै हो, यसलाई जीवन्त राख्नुपर्‍यो ।'

माघी आउनपूर्व एक महिनादेखि आशीदेवीजस्तै अन्य थारु समुदायका महिलाले तोरीको तेल पेल्ने, अन्ती धान कुटेर त्यसको चामलको गुलियो जाँड बनाउने, रक्सी तयार गर्ने, ढिक्री बनाउनका लागि चामल ढिक्कीमा कुट्नेलगायत काम गर्दै आएका छन् । नदी तलाउबाट माछा मारेर ल्याई आगोमा सुकाएर माघीका बेला विभिन्न परिकारसँगै पाहुनालाई खान दिइने गरिन्छ ।

नदी तलाउमा विषादीको प्रयोग गरी माछा मार्ने कार्य हुँदै आएको वासुदेवी डगौंराले बताइन् । 'वन क्षेत्रका तालमा माछा मार्न दिँदैनन्,' उनले भनिन्, 'सार्वजनिक तालतलैया र पोखरीमा माछा नै छैनन्, त्यसैले बजारबाट माछा खरिद गरेर माघीको जोहो मिलाएका छौं ।'

खानाका परिकार बनाउनका लागि आवश्यक दाउराको जोहो महिलाले यसअघि नै मिलाइसकेका छन् । माघीकै लागि घर लिपपोत तथा सरसफाइको काम गरिसकेको गहनु डगौंराले बताए । 'सुँगुर, कुखुरा, माछाको जोहो मिलाइसकेका छौं,' उनले भने, 'यतिबेला समुदायका सबै माघीको अन्तिम तयारीमा छौं ।'

पिपलाडी गाउँका बडघर रहेका गहनुले माघीका बेला देखाइने मघौटालगायत नृत्य टोलीको छनोट गरी जिम्मेवारी दिने कार्य गरिएको बताए । माघीमा थारु समुदायले मघौटासँगै छोक्रा नृत्य पनि देखाउने गरेका छन् । पुसको अन्तिम दिनका लागि सुँगुर मार्ने कार्य गरिन्छ ।

पिपलाडीका छ टोलमा मासुका लागि छ वटा सुँगुर मार्ने व्यवस्था मिलाइएको वडाध्यक्ष एवं पूर्व बडघर नरेन्द्रप्रसाद चौधरीले बताए । उनका अनुसार यसै अवसरमा गाउँका सबै जनाले गच्छेअनुसार सुँगुरको मासु खरिद गर्ने तथा नयाँ लुगा लगाउने चलन रहेको छ । 'सुँगुर ढाल्ने दिनलाई 'जिता मर्ना' भन्ने गरिएको छ,' चौधरीले भने, 'माघ महिना सुरु भएपछि कुनै पनि पशुपन्छीको बध गर्न नहुने चलन छ । त्यसैले एक दिनअगावै सुँगुर ढाल्ने, कुखुरा, भेडा, बाख्राको मासुको व्यवस्था गरिन्छ ।'

जिता मर्ना गरिने दिनको रातभरि आगोका धुनी जगाई रातभर मादल, डम्फु बजाउँदै बूढापाका, युवालगायतले पुराना गीत गाउँदै महिलाले छोक्रा र मघौटा नृत्य नाच्ने गर्दछन् । रातकै बेला अन्ती चामलको पिठोबाट बनेका ढिक्री, तिलको लड्डु, खेरिया, तरुल, गैंजी, उसिनेको चामलको भात खाने गरिन्छ ।

रातभर जाग्राम रहेका थारु समुदायले बिहानै नुहाइधुवाइ गरी कुल देवताको पूजा गरेपश्चात् ढकियामा चामलसँगै राखिएको नुन, खुर्सानी, गच्छेअनुसारको दक्षिणा राखेर चेलिबेटी, दिदीबहिनीलाई निश्राउ दिने चलन छ । *रासस*

सुदूरपश्चिममा बढ्यो कोरोना संक्रमण

# तीन दिनमा नौ व्यक्तिमा संक्रमण पुष्टि

**सुदूरपश्चिम–** पछिल्ला तीन दिनमा सुदूरपश्चिम प्रदेशमा नौ व्यक्तिमा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । भारतबाट नेपाल भित्रिनेहरूको एन्टिजेन परीक्षण गर्दा उनीहरूमा कोरोना संक्रमण पुष्टि भएको हो । स्वास्थ्य निर्देशनालय दीपायलका अनुसार तीन दिनमा ४६४ व्यक्तिको एन्टिजेन परीक्षण गरिएको थियो ।

तीन दिनयता प्रदेशका सीमानाका गौरीफन्टा, गड्डाचौकी, जुलाघाट र पुलघाट नाकाबाट एक हजार ४४४ व्यक्ति नेपाल भित्रिएका छन् । कोरोना संक्रमित आठ व्यक्तिको नमूना संकलन गरी थप परीक्षणका लागि क्षेत्रीय प्रयोगशालामार्फत केन्द्रमा पठाइएको थियो ।

गौरीफन्टा सीमा नाकास्थित हेल्थ डेस्कका अहेब गणेश साउद कोरोना भाइरसका संक्रमित फेरि भेटिन थालेकाले स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गर्न सुझाव दिए । 'सीमानाकामा एन्टिजेन परीक्षण गर्दा कोरोना संक्रमित बढ्दै गएको देखिएको छ,' उनले भने, 'हेल्थ डेस्कमा नमूना परीक्षणका लागि आवश्यक स्वास्थ्यकर्मी, एन्टिजेनको किट ,मास्क ग्लब्सलगायतका सामग्री पर्याप्त छन् ।'

उनले संक्रमितलाई होम आइसोलेसनमा बस्न र सिकिस्त भएको अवस्थामा अस्पताल जान सल्लाह दिएको र सम्बन्धित पालिकासँग समन्वय गरिरहेको जानकारी दिए । *रासस*

# चिसोले सोलुखुम्बुका विद्यालय बन्द



**सल्लेरी (प्रस)–** सोलुखुम्बुमा अत्यधिक चिसोका कारण सामुदायिक विद्यालय बन्द भएका छन् । अत्यधिक चिसोका कारण जिल्लाको २६७ सामुदायिक विद्यालयमध्ये १०१ विद्यालयको पठनपाठन बन्द भएको छ ।

जिल्ला शिक्षा तथा समन्वय एकाइकी प्राविधिक सहायक विरमाकुमारी खड्काका अनुसार जिल्लाको आठ स्थानीय तहमध्ये सात स्थानीय तहका विद्यालय हालसम्म बन्द भइसकेका छन् । केहीले बिदा दिने तयारी गरिरहेका छन् । सोलु दूधकुण्ड नगरपालिकामा ६२ सामुदायिक विद्यालयमध्ये ५८, खुम्बु पासाङल्हामु गाउँपालिकाका १७ विद्यालयमध्ये १४ र थुलुङ दूधकोशी गाउँपालिकामा ५१ विद्यालयमध्ये सात विद्यालय बन्द भइसकेका छन् ।

यस्तै महाकुलुङ गाउँपालिकामा १९ मध्ये आठ, लिखुपिके गाउँपालिकामा २२ विद्यालयमध्ये छ, नेचासल्यान गाउँपालिकामा ३६ विद्यालयमध्ये चार तथा माप्यदूधकोशी गाउँपालिकामा ३९ विद्यालयमध्ये चार विद्यालय बन्द भएको कार्यालयले जनाएको छ । हिमाली भेगमा चिसो अत्यधिक हुने भएकाले धेरैजसो विद्यालयले प्रत्येक वर्ष पुस/माघमा जाडो बिदा दिने गरेका छन् । यहाँ चिसोका कारण शिक्षक बस्न नसक्ने तथा विद्यार्थीलाई समेत कठिन हुने भएकाले पुस दोस्रो साताबाटै विद्यालय बन्द गरिएको पिके माध्यमिक विद्यालय लोदिङका प्रधानाध्याक चेतबहादुर मगरले बताए ।

उनले भने, 'बालबालिका चिसोका कारण विद्यालयमा कम आउन थालेपछि बाध्य भएर जाडो बिदा दिनुपरेको हो ।' यस्तै जिल्लाको माथिल्लो खुम्बु क्षेत्रको विद्यालय पुस लाग्दै बन्द गरिएका छन् । उच्च हिमाली क्षेत्रमा मंसिर दोस्रो साताबाटै पानी जम्न थालेपछि जाडो बिदा दिइएको खुम्जुङ माध्यमिक विद्यालय खुम्जुङका शिक्षक तिलक रसाइलीले बताए ।

'यतिखेर खुम्जुङ पुरै सुनसान छ, त्यहाँ स्थानीय समेत जाडो छल्न अन्यत्र जान थालेपछि हामीले विद्यालयमा जाडो बिदा दिएका हौं, यतिखेर बस्न सक्ने अवस्था नै छैन,' उनले भने । सोताङ गाउँपालिका क्षेत्रका कुनै पनि विद्यालयले जाडो बिदा दिएका छैनन् । सोताङ न्यानो ठाउँ भएकाले त्यहाँको कुनै पनि विद्यालय बन्द नगरिएको गाउँपालिकाका अध्यक्ष खिलराज बस्नेतले बताए ।

# शीतलहरले मधेसमा जनजीवन प्रभावित





**धनुषा–** विगत केही दिनदेखि तराई मधेसका जिल्लामा शीतलहर चलेर बाक्लो कुहिरो लाग्न थालेपछि अत्यधिक चिसो बढेको छ । मधेस प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिरहा जिल्लामा अत्यधिक मात्रा बाक्लो कुहिरोसँगै चिसो बढेको छ ।

शीतलहरका कारण बालबालिका, वृद्धवृद्धा, अशक्त, अपांगता भएका व्यक्ति तथा मजदुर वर्ग बढी प्रभावित बनेका छन् । चिसोका कारणले दम तथा रुघाखोकीका बिरामीको संख्या बढेको छ । उपचारका लागि स्वास्थ्य संस्था आउने संख्यामासमेत वृद्धि भएको प्रादेशिक अस्पताल जनकपुरधामले जनाएको छ । अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा. जामुनप्रसाद सिंहले अत्यधिक चिसो बढेसँगै बालबालिकामा रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य समस्या अत्यधिक मात्रामा देखिन थालेको जानकारी दिए । चिसो अत्यधिक मात्रामा बढेपछि विद्यालयमा विद्यार्थीको उपस्थिति घट्न थालेको छ । धेरैजसो विद्यालयमा जाडो बिदा दिइएको छ ।

शीतलहरका कारणले सानासाना विद्यार्थी प्रभावित हुन थालेको भन्दै जनकपुरधाम उपमहानगरपालिकाका सम्पूर्ण विद्यालय बन्द गरिएको छ । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीद्वारा जारी सूचनामा यही पुस २९ गतेदेखि माघ ९ गतेसम्म नगर क्षेत्रका सम्पूर्ण विद्यालयमा जाडो बिदा दिने निर्णय गरिएको उल्लेख छ ।

शीतलहरसँगै चिसो हावाको कारणले जाडो अत्यधिक मात्रामा बढेसँगै प्रमुख बजार र ग्रामीण भेगमा चहलपहल घटेको छ । यस क्षेत्रमा लाग्ने बाक्लो कुहिरोका कारणले ग्रामीण क्षेत्रमा यातायातका साधन चलेका छैनन् । ग्रामीण भेगमा दाउरा नहुँदा स्थानीय गोबरको गुइँठा, परालको जोहो गर्न लागेका छन् । बाक्लो कुहिरोका कारणले तेलहन, दलहन, आलु खेतीलगायतमा नकारात्मक असर पर्नुका साथै पशु चौपायाह पनि प्रभावित हुन थालेका छन् । आइतबारदेखि हुस्सु लाग्ने क्रम बढेको छ । घाम लाग्न छोडेको छ । लगातारको चिसो सिरेटोले गाईवस्तुको आहार जुटाउन र स्याहारसम्भार गर्न कठिन भएको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–२ रमदैयाका रामविलास यादवले बताए । *रासस*


प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला अस्पताल खोटाङ**
कोशी प्रदेश, नेपाल

**औषधि खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना !**
(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/२९ गते)
(ठेक्का नं.०१/२०८०/८१)

आ.व.२०८०/८१ को माघ महिनादेखि असार महिनासम्म तथा आ.व.२०८१/८२ को श्रावण महिनादेखि २०८१ को पौष मसान्तसम्मका लागि यस अस्पताल अन्तर्गत **एक्सरे र प्रयोगशालाका लागि आवश्यक केमिकल, औषधि र उपकरण**हरू बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले उक्त सामग्रीहरू आपूर्ति गर्न ईच्छुक इजाजत प्राप्त औषधि व्यवसायी, फर्म/कम्पनी तथा सप्लायर्सहरूबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन प्रथम पटक यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू :**

१. बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र तोकिएको राजश्व रकम (पछि फिर्ता नहुने गरी) यस कार्यालयको कार्यालय कोड नं.३३७०२०८०११, राजश्व शीर्षक नम्बर १४२२९ मा बैंक दाखिला भौचर पेश गरी अस्पताल प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।
२. ईच्छुक फर्म, कम्पनी वा संस्थाले बोलपत्र खरिद गर्दा र बोलपत्र पेश गर्दा दरभाउ पत्र फारामसाथ आ.व.२०८०/८१ सम्म नविकरण गरिएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा मू.अ.कर प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र आ.व.२०७९/८० सम्मको कर चुक्ताको प्रमाणपत्रका प्रतिलिपिहरू मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न राखी प्रोपाइटर स्वयम् उपस्थित भई वा आधिकारिक मन्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ ।
३. बोलपत्र फाराम पेश गर्दा यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजेसम्ममा बोलपत्र खाममा यस कार्यालयलाई सम्बोधन गरी के कामको लागि बोलपत्र फाराम पेश गर्न लागिएको हो सो कामको विवरण, ठेगाना फोन नं.समेत खुलाई आधिकारिक व्यक्तिद्वारा बोलपत्र यस अस्पतालमा दर्ता गराउन सकिने छ । दर्ता हुन आएको बोलपत्र फाराममा कार्यालय प्रमुखको दस्तखत र यस कार्यालयको छाप लागेको हुनु पर्नेछ ।
४. दर्ता भएका बोलपत्र फारामहरू ३१ औं दिनको २ बजे बोलपत्रदाता र निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य विदाको भोलिपल्ट सोही समयमा दर्ता गर्ने र खोलिनेछ ।
६. बोलपत्रसाथ सूचनामा उल्लेखित जमानत वापतको रकम प्रदेश लेखा ईकाई कार्यालय, खोटाङको रा.वा.बैंक दिक्तेलको धरौटी खाता नम्बर २०६०१००२०२०३०००० मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट लागू हुनेगरी कम्तीमा ९० दिनसम्म म्याद भएको जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा बोलकबोल अंकको ५ प्रतिशतले हुन आउने रकम तोकिएको बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको ६ महिनासम्म म्याद भएको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्ने छ ।
८. बोलपत्रमा आइटमवाइज दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइनेछ । दररेट उल्लेख गर्दा केरमेट गरेको वा टिपेक्स लगाएको स्थानमा सहीछाप नभएको, कार्यालयबाट बिक्री भएको फाराम भरेर नआएको दरभाउपत्र फाराम उपर कुनै कारवाही हुने छैन ।
९. बोलपत्र दाखिला गर्दा फर्म, कम्पनी वा सप्लायर्सले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नबाझिएको तथा सम्बन्धित पेशामा व्यवसायको कसुरमा आफूले कुनै सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा बोलपत्र सम्बन्धी कागजात साथ पेश गर्नुपर्नेछ । घोषणापत्र संलग्न नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१०. बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर सहितको दररेट पेश गर्नुपर्नेछ । बोलपत्रदाताले कबोल गरेको जम्मा अंक यस कार्यालयको स्वीकृत लागत अनुमान भन्दा कम हुनु पर्नेछ ।
११. यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य आवश्यक विवरणहरू बोलपत्र फारामसाथ उपलब्ध गराइने छ ।
१२. प्रचलित नियमानुसार रित नपुगेको, म्याद नाघी आएको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१३. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला हुन आएमा उक्त बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१४. बोलपत्र स्वीकृत गर्नेरनगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१५. आपूर्ति हुने औषधिहरूको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, कम्पनीको नाम तथा नेपाल सरकारद्वारा निस्शुल्क वितरणको लागि भनी लेखिएको बाहेकका हुनुपर्नेछ ।
१६. आपूर्तिकर्ताले सप्लाई गर्ने औषधि तथा मालसामानहरूको गुणस्तरमा शंका लागि परीक्षण गर्नुपर्ने भएमा परीक्षण कार्यमा लाग्ने सम्पूर्ण खर्च आपूर्तिकर्ताले नै व्यहोर्नु पर्नेछ ।
१७. बोलपत्र फाराममा र सूचनामा उल्लेख भएका कुराहरूको हकमा यसै सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ एवम् प्रचलित ऐन अनुसार हुनेछ ।
१८. अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयको फोन नम्बर ०३६-४२०५७६ मा सम्पर्क गर्न सकिनेछ ।

**कामको विवरण :**

| सि.नं. | प्याकेज नं. | खरिदको प्याकेज | फाराम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१-२०८०/८१ | एक्सरे, प्रयोगशाला सम्बन्धी केमिकल र उपकरणहरू | ३,०००/- | ४,४२,०००/- (चार लाख बयालीस हजार मात्र) | |

अस्पताल प्रमुख

प्रभाव दैनिक

आइतबार २९, पुस २०८० (Sunday, January 14, 2024)

रूपशाला

## राजेश हमालको अभिनयमा 'मुटुभित्र नेपाल' सार्वजनिक



अभिनेता राजेश हमाल अभिनीत देशभक्ति र राष्ट्रिय भावनाले भरिएको गीत 'मुटुभित्र नेपाल' सार्वजनिक भएको छ । प्रकाश पण्डितका शब्द रहेको कर्णप्रिय गीतमा थानेश्वर गौतमको सङ्गीत तथा स्वर छ । लक्ष्मी पण्डितको प्रस्तुति रहेको सो गीतको भिडियोमा महानायक हमालले अभिनयमार्फत देशको माया निकै मीठो तरिकाबाट आभास गराएका छन् । भिडियोमा अभिनेता हमालको अलावा बाल कलाकार सायरा आचार्य, दियान गौतम, सन्देश पौडेल लगायतको अभिनय छ । उत्सव दाहालको छायांकन बिजेश पौडेलको सम्पादन रहेको भिडियो सुब्रत आचार्यले निर्देशन गरेका हुन् ।

# 'पर्खी बसें तिमीलाई'का दर्शकले गरे सिक्वेलको माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'पर्खी बसेँ तिमीलाई' हेरेर निस्किएका दर्शकले सिक्वेलको माग गरेका छन् । ललितपुरस्थित लाविम मलमा रहेको क्युएफएक्समा प्रतिक्रिया लिन पुगेको निर्माण टिमलाई दर्शकले यो माग गरेका थिए । निर्माता राजाराम बुढाथोकी, निर्देशक दीपक श्रेष्ठ, नव कलाकारद्वय किरण श्रेष्ठ र रक्षा बुढाथोकी, वितरक करण श्रेष्ठसहितको टिमलाई दर्शकले सिक्वेल बनाउन आग्रह गरे ।

फिल्म हेरेर निस्किँदै गर्दा अधिकांश दर्शकका आँखा रसाएका थिए । धेरैपछि विशुद्ध प्रेम कथानक फिल्म हेर्न पाएको भन्दै उनीहरूले तारिफ समेत गरे । निर्देशक श्रेष्ठले हल प्रतिक्रिया शतप्रतिशत सकारात्मक रहेको बताए ।

'म केही समयको अन्तरालमा निर्देशक बनेर आएको थिएँ । युवापुस्ताको प्रेमलाई मैले बुझे अनुरूप प्रस्तुत गरे । यसलाई दर्शकले रिलेट गर्नुभयो, म एकदमै खुसी छु', निर्देशक श्रेष्ठले भने, 'मैले देखाएको कथा पर्दाबाट दर्शकसम्म पुग्नु मेरो सफलता हो । हाम्रो फिल्मको व्यापार अपेक्षाकृत छ ।' दर्शकले नै दर्शक अब हलसम्म ल्याउने श्रेष्ठको धारणा छ ।

निर्माता बुढाथोकीले बिहीबारसम्म भएको डर हटेको प्रतिक्रिया दिए । उनले आउँदो केही दिन हलमै पुगेर दर्शकसँग प्रतिक्रिया लिने बताए । 'नयाँ कलाकार लिएर आउँदा डर नभएको होइन, तर त्योभन्दा बढी रहेको आत्मविश्वासले काम गर्‍यो । नाम नयाँ तर नव कलाकारको काम पुरानै जस्तै छ', निर्माता बुढाथोकीले भने, 'स्पेसल स्क्रिनिङ र हल प्रतिक्रियाले म ढुक्क भएँ ।'

अभिनेता श्रेष्ठले मण्डला नाटकघर हुँदै फिल्मसम्मको यात्राले बल्ल सार्थकता पाएको बताए । 'मैले पाइरहेको प्रतिक्रियाले उत्साह थपेको छ' उनले भने । अभिनेत्री बुढाथोकीले प्रत्यक्षसँगै सोसल मिडियामार्फत पाइरहेको प्रतिक्रियाले आगामी यात्रा तय गर्न सहज हुने बताइन् ।

काठमाडौं उपत्यकाका वितरक करण श्रेष्ठले पहिलो दिन फिल्मको व्यापार उत्साहजनक रहेको जानकारी दिए । 'पहिलो दिन दर्शकको उपस्थिति राम्रो छ । हेर्नेले सकारात्मक प्रतिक्रिया दिइरहनुभएको छ । यसले आगामी दिनमा दर्शकको चाप बढाउनेमा विश्वस्त छु', वितरक श्रेष्ठले भने ।

माघे संक्रान्तिको अवसर पारेर प्रदर्शनमा ल्याइएको फिल्म रोमन फिल्म र तपश्री फिल्म्स (सिक्किम) को संयुक्त ब्यानरमा निर्माण भएको हो । फिल्ममा शिव श्रेष्ठ, विल्सनविक्रम राई, सुनिता श्रेष्ठ लगायतका कलाकारले अभिनय गरेका छन् । यसमा राजाराम बुढाथोकीको निर्माण, कोमल गुरुङको सहनिर्माण, परिच्छेद सेन, मौनता श्रेष्ठ र पुरुषोत्तम ढुंगेलको लेखन, संकल्प भुजेलको छायांकन, शम्भुजित बाँस्कोटा, दीपक शर्मा, महेश खड्का र बाबुल गिरीको सङ्गीत, भुपेन्द्र अधिकारीको सम्पादन, मनोरञ्जन श्रेष्ठको कलर करेक्सन, रामजी लामिछाने र निशा रसाइलीको नृत्य निर्देशन रहेको छ । फिल्मलाई उपत्यकामा रीच इन्टरटेनमेन्ट र मोफसलमा एफडी कम्पनिले प्रदर्शनका लागि वितरण गरेको हो ।

# लेखक यात्रीकृत 'जंगलमा ३३ वर्ष' को परिचर्चा



■ प्रभाव संवाददाता

**काठमाडौं–** कवि, उपन्यासकार तथा निबन्धकार धर्तीचन्द्र यात्रीकृत 'जङ्गलमा ३३ वर्ष' पुस्तकको परिचर्चा गरिएको छ । डा ठाकुरनाथ पन्त स्मृति गुठीद्वारा काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय भृकुटीमण्डपमा आयोजित कार्यक्रममा वरिष्ठ साहित्यकार तथा वन तथा पर्यावरणका क्षेत्रका वरिष्ठ संरक्षकहरूले कृतिको समीक्षा गरे ।

वरिष्ठ साहित्यकार शैलेन्द्र साकारले वन तथा निकुञ्ज क्षेत्रमा रही राष्ट्रसेवा गरिरहेका यात्रीले नेपालको वन, वन्यजन्तु र निकुञ्जसहितको तथ्य, तथ्याङ्क र सूचनासहितको कृति प्रकाशित गरी योगदान पुर्‍याएको बताए ।

वरिष्ठ लेखक युयुत्सु आरडी शर्माले नेपालको वन्यजङ्गल, वन्यजन्तु र वनस्पतिको संरक्षण क्षेत्रमा लामो अनुभव हासिल गरेका यात्रीको पुस्तक वन्यजन्तुबारे जानकारी प्राप्त गर्ने महत्वपूर्ण दस्तावेज भएको प्रतिक्रिया दिए । वरिष्ठ साहित्यकार श्यामप्रसाद रिमालले अघिल्लो वर्ष फागुनमा प्रकाशन र विमोचन भएको कृतिबारे नौ महिनासम्म चर्चा परिचर्चा हुन सुखद पक्ष भएको बताए ।

साहित्यकार सविना सिन्धुले यातायात र सूचनाको अभाव रहेका बेलामा बोटविरुवा र वन्यजन्तुको संरक्षणका सन्दर्भमा गर्नुपरेको सङ्घर्ष र भोगाइसहितका पर्यावरण संरक्षणसम्बन्धी तथ्यगत सूचना प्रकाशित गरी यात्रीले राज्यलाई ठूलो सहयोग गरेको बताइन् ।

पर्यावरणविद् रोशन शेरचनले पुस्तक पढिरहँदा आफू वन र वन्यजन्तुसँगै रहेको भान हुने मात्र नभई त्यस क्षेत्रमा रहँदा भोग्न परेको दुःख कष्ट, उकाली-ओरालीका कथा व्यथा समेटिएको विचार प्रकट गरे ।

काठमाडौं फरेष्ट्री कलेजका उपप्राचार्य डा हिमलाल श्रेष्ठले वन र पर्यावरणबारे धेरै सूचनाको खानी रहेको पुस्तकमा यस क्षेत्रको अध्ययन गर्न चाहनेलाई ठूलो खुराक भएको बताए । पुस्तकमा बाँदर र पानीको अनुसन्धान, जहाज दुर्घटना र भूकम्पको त्रासदीमा रहन पर्दाका क्षण, स्थान, विषय र प्रसङ्ग उल्लेख रहेको उनले बताए ।

साहित्यकार प्रकाश सिल्वालले जागिरे जीवनको उतारचढावसँगै जङ्गल, पर्यावरण र निकुञ्जको रक्षामा केन्द्रित पुस्तकमा एउटा सूचना संवाहक पत्रकारको कार्य जिम्मेवारी जस्तै पर्यावरण संरक्षणका क्षेत्रमा गरिएका कार्यसम्बन्धी मिति, तथ्य तथ्याङ्क सूचना समेटिएको धारणा राखे । गुठीका संरक्षक सुष्मा पाण्डे र साहित्यकार उत्तम विचार भेटवालले गुठीले समाज सेवा र साहित्य क्षेत्रमा प्रकाशित पुस्तकको श्रीवृद्धिका लागि सहयोग पुर्‍याउँदै आएको बताए ।

पुस्तकका लेखक यात्रीले राष्ट्र सेवाका सन्दर्भमा लामटाङ, डोल्पा र बर्दिया क्षेत्रमा रहँदा वन क्षेत्रको विकास र विस्तारका लागि गरिएका प्रयास, भोग्नुपरेका समस्या र त्यससम्बन्धी तथ्य तथ्याङ्क समेटेर पुस्तक प्रकाशित गरेको जानकारी दिए । उक्त पुस्तक छिट्टै अङ्ग्रेजीमा प्रकाशित हुनेछ ।

## रंगशाला

प्रधानमन्त्री कप क्रिकेट

# पुलिस, मधेस र लुम्बिनी विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता शनिबार देखि सुरु भएको छ । पहिलो दिनको खेलमा नेपाल पुलिस क्लब, लुम्बिनी प्रदेश र महेश प्रदेश पिजयी भएका छन् ।

नेपाल पुलिस क्लबले बागमती प्रदेशलाई हराउँदै विजयी सुरुवात गरेको छ । शनिबार भएको खेलमा पुलिस ६८ रनले विजयी बनेको हो । पुलिसले प्रस्तुत गरेको २ सय ८३ रनको लक्ष्य पछ्याउने क्रममा बागमती ४२.३ ओभरमा २ सय १४ रनमा समेटियो । बागमतीका लागि अशुतोष घिरैयाले ९२ रन बनाए पनि टोलीलाई जीतसम्म डोर्‍याउन सकेनन् । अर्को ओपनर इशान पाण्डेले ४४ रनको योगदान दिए । पुलिस क्लबका लागि सागर ढकालले ३ तथा करन केसी, राशिद खान र दीपेन्द्रसिंह ऐरले २-२ विकेट लिए ।

यसअघि राशिद खानको शानदार शतकको मद्दतले नेपाल पुलिस क्लबले बागमती प्रदेशसामु २ सय ८३ रनको विशाल लक्ष्य प्रस्तुत गरेको थियो । पुलिस क्लबले निर्धारित ५० ओभरमा ८ विकेटको क्षतिमा २ सय ८२ रन बनायो ।

खानले ११२ बलमा १०६ रन बनाउँदै नटआउट रहे । उनले यस क्रममा ९ चौका र ६ छक्का हिर्काए । उनलाई आरिफ शेखले ६६ बलमा ५७ रन बनाउँदै राम्रो साथ दिए । कप्तान दीपेन्द्र सिंह ऐरीले १४ बलमा २१ रन बनाए भने सुनिल धमला र अर्जुन साउदले २०-२० रनको योगदान दिए । बागमतीका लागि सूर्य तामाङ र रिजन ढकालले ३-३ विकेट लिए । त्यस्तै गौतम केसी र सोनु देवकोटाले १-१ विकेट लिए ।

### लुम्बिनी विजयी

त्यस्तै भैरहवामा भएको खेलमा लुम्बिनी प्रदेशले गण्डकी प्रदेशलाई ४ विकेटले पराजित गरेको छ । गण्डकीले प्रस्तुत गरेको १ सय १२ रनको लक्ष्य लुम्बिनीले २८.२ ओभरमा ६ विकेटको क्षतिमा पछ्यायो ।

लुम्बिनीका लागि मृणाल गुरुङले सर्वाधिक ४७ रन बनाए । उनलाई एमडी हुसैनले २१ रन बनाउँदै राम्रो साथ दिए । विराट भण्डारीले १० रन बनाए । गण्डकीका लागि विपिन खत्री र कमल परियारले ३-३ विकेट लिए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको गण्डकीले ३४.४ मा सबै विकेट गुमाएर १ सय ११ रनमा सीमित बनेको थियो । गण्डकीका लागि करण पङ्गेनीले सर्वाधिक २८ रन बनाए । त्यस्तै, कृष्ण अयरले १९ तथा समीर कँडेल र अमृत गुरुङले १३-१३ रनको योगदान दिए ।

लुम्बिनी प्रदेशका लागि अजय चौहानले सर्वाधिक ४ विकेट लिए भने अभिषेक गौतम र एमडी हुसैनले २-२ विकेट लिए । कृष्ण कार्की र नर सार्कीले १-१ खेलाडीलाई आउट गरे । त्यस्तै मधेश प्रदेशले कोशी प्रदेशलाई पराजित गरेको छ ।

# करातेकी अञ्जली सम्मानित

**काठमाडौं (प्रस)–** कमला कार्की स्मृति प्रतिष्ठानले कराँते खेलाडी अञ्जली महर्जनलाई नगदसहित सम्मान गरेको छ । अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेर राष्ट्रको गौरव अभिवृद्धि गरेकोमा अञ्जलीलाई सम्मान गरिएको हो ।

अञ्जलीले नेपालमा भएको सातौं दक्षिण एसियाली कराँते प्रतियोगिताको महिला ५० केजीमुनि स्वर्ण जितेकी छन् । त्यस्तै, अञ्जलीले भारतको मुम्बईमा भएको मुम्बई अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा पनि ३ तीन पदक जित्न सफल भएकी थिइन् । अञ्जलीले एकल र टिम काता तथा कुमुतेमा स्वर्ण जितेकी थिइन् ।

पूर्व मन्त्री, लेखक, साहित्यकार एवं समाजसेवी भद्रकुमारी घले, पूर्व मन्त्री कृष्णगोपाल श्रेष्ठ, बागमती प्रदेशका सांसद केशव पोखरेल, कमला कार्की स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष एवं ब्राइट फ्युचर स्कुलका प्रिन्सिपल मोहनकुमार कार्कीले अञ्जलीलाई नगद १० हजार १ रूपैयाँसहित प्रशंसा पत्र प्रदान गरी एक कार्यक्रमबिच सम्मान गरे ।

नैकापस्थित ब्राइट फ्युचरमा भएको कार्यक्रममा मिस नेपाल २०२० नम्रता श्रेष्ठ, पत्रकार ममता थापा, चन्द्रागिरि नगरपालिका वडा १४ र १५ का क्रमशः ९७ वर्षीया धनमाया महर्जन र ९४ वर्षीया भगवती खत्रीलाई पनि समान १० हजार १ रूपैयाँ नगदसहित प्रशंसा पत्र प्रदान गरी सम्मान गरिएको थियो । संस्था सम्मानतर्फ नेवारी वाजा खललाई १ लाख १ रूपैयाँसहित प्रशंसा पत्रबाट सम्मान गरियो ।

प्रकाश दाहाल स्मृति ब्याडमिन्टन

# प्रिन्स र रशिलालाई उपाधि





■ प्रभाव संवाददाता

**काठमाडौं–** एपिएफका प्रिन्स दाहाल र त्रिभुवन आर्मीकी रसिला महर्जन प्रथम प्रकास दाहाल स्मृती राष्ट्रिय खुल्ला ब्याडमिन्टन प्रतियोगिता २०८० को उपाधि हात पार्न सफल भएका छन् ।

स्पोर्टस् हवको आयोजनामा भएको प्रतियोगिताको पुरुष एकल तर्फ प्रिन्सले आर्मीका प्रफुल महर्जनलाई २-० को सोझो सेटमा पराजित गर्दै उपाधि उचालेका हुन् । पहिलो सेट २१-१६ ले जितेका प्रिन्सले दोश्रो सेटमा पनि प्रफुललाई २१-१६ मा नै रोक्दै उपाधिलाई आफ्नो नाममा लेखाउन सफल भए । एपिएफका देव राज राना र नेपाल पुलिसका बिष्णु कटुवालले तेश्रो स्थानमा चित्त बुझाए ।

यस्तै महिला एकल तर्फ रसिलालले आफ्नै क्लबकी अनुमाया राई माथि सहज जित निकाल्दै उपाधि उचालिन् । पहिलो सेटमा अनुलाई २१-३ ले हराएकी रसिलाले दोश्रो सेट २१-१४ ले पराजित गरेकी हुन् । आर्मीकी अमिता गिरी र कस्तुरी कलेजकी सिमा राजबंशी संयुक्त तेश्रो भए ।

बौद्ध लाखेपोखरीस्थित आयोजकको आफ्नै कभर्डहलमा भएको प्रतियोगिताको स्थानिय तर्फ आयोजक स्पोर्टस् हवका अनुज तामाङ्ग र सुमित थोकरले जित हात पारे । अनुज र सुमितको जोडीले स्पोर्टस् हवकै अनिष गुरुङ्ग र रमेश ठकुरीको जोडीलाई १८-२१, २१-११, २१-१३ ले पराजित गर्दै प्रथम स्थान हात पार्न सफल भएका थिए । तेश्रो स्थानमा ध्रुव खत्री र लाक्पा तामाङ्गको जोडी तथा अश्मिल शाही र लाक्पा शेर्पाको जोडी संयुक्त तेश्रो भए ।

पुरुष शिर्ष २० बरियता बाहेकको युगल तर्फ आयोजकका अभिषेक गुरुङ्ग र निश्चल खत्रीको जोडी तथा कास्कीका बिधान अधिकारी र आर्मीका पविन लिनथेप विच भएको प्रतिस्पर्धामा अधिकारी र लिनथेपको जोडीले २१-१४, २१-१९ को जित निकाल्दै उपाधि उचाले । तेश्रो स्थानमा एपिएफका भोज बहादुर गुरुङ्ग र सन्तोष पनेरुको जोडी तथा बिवेक कन्दङ्गवा र नेल्सन राईको जोडी संयुक्त तेश्रो भए ।

भेट्रान्स ३५ बर्ष माथिको खेलमा कास्कीका विशाल खड्का र आर्मीका सुरोज महर्जनको जोडीले उपाधि उचाले । खड्का र महर्जनको जोडीले आयोजकका आकास छन्त्याल र आङ्ग कुसाङ्ग शेर्पाको जोडीलाई २१-११, २१-१४ ले पराजित गर्दै उपाधि प्राप्त गरेका हुन् । तेश्रो स्थानमा चितवनका विद्वान गुरुङ्ग र अमर रायमाझीको जोडी तथा पिस फिटनेश सेन्टरका संजय कपाली र अनिल थाम्सुहाङ्गको जोडी रहे ।

४५ बर्ष माथिको प्रस्पिर्धामा चन्द्रागिरी ब्याडमिन्टन क्लबका हरि खत्री र राजकुमार पोखरेलको जोडीले पिस फिटनेश सेन्टरका संजय कपाली र अनिल थाम्सुहाङ्गको जोडी माथि जित निकाल्दै उपाधि हात पारे ।

खत्री र पोखरेलको जोडीले कपाली र थाम्सुहाङ्गको जोडी माथि २१-१४, २१-१८ को जित निकालेका हुन् । गण्डकीका तिलक छन्त्याल र हिरा रोका तथा एपिएफका धिरेन्द्र चन्द र टोखाका टिका थापा मगरको जोडी संयुक्त तेश्रो भए । बिजयी खेलाडीलाई पूर्व मन्त्री एवं नेकपा माओवादीकी नेतृ पम्फा भुषालले पुरस्कार वितरण गरेकी थिईन् ।

करिव २५ लाखको लागत रहेको प्रतियोगितामा बिजेता, उपबिजेता एवं तृतीय स्थान प्राप्त गर्ने खेलाडीहरूले नगद ४५ हजार, २५ हजार र १० हजार सहित मेडल, प्रमाण पत्र र ट्रफी प्राप्त गरे । ब्याडमिन्टन संघको मान्यता प्राप्त बरियता सहितको राष्ट्रिय प्रतियोगितामा पुरुष एकल, महिला एकल, पुरुष युगल (शीर्ष २० बरियता बाहेक), स्थानिय स्तर, मास्टर्स युगल ३५ बर्ष माथी र ४५ बर्ष माथी गरि ६ विधामा प्रतिस्पर्धा भएको थियो ।



ताइवानमा शनिबार सम्पन्न राष्ट्रपतीय चुनावमा न्यु ताइपेई सहरस्थित एक प्राथमिक विद्यालयको मतदान केन्द्रमा मतदान गर्दै एक महिला । *तस्बिरः एएफपी*

## चीनको कोइलाखानीमा दुर्घटना, १० जनाको मृत्यु

**बेइजिङ–** चीनको हेनान प्रान्तस्थित कोइला खानीमा भएको दुर्घटनामा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै छ जना बेपत्ता भएको चिनियाँ सञ्चारमाध्यमले शनिबार जनाएका छन् । दुर्घटना कोइलाखानीमा ग्यास विष्फोटको कारण भएको र खोजी तथा उद्धार कार्य जारी रहेको सिसिटिभीले जनाएको छ ।

चिनियाँ समाचार संस्था सिन्ह्वाले विष्फोट हुँदा ४२५ जनाले भूमिगत काम गरिरहेको बताएको छ । खानीको जिम्मा लिनेहरूलाई अधिकारीहरूले हिरासतमा लिएको सिन्ह्वाले जनाएको छ । चीनमा खानी सुरक्षा पछिल्लो दशकहरूमा सुधार भएको बताउने गरिएको छ । यद्यपि, कमजोर सुरक्षा व्यवस्थाका कारण उद्योगमा दुर्घटनाहरू अझै भइरहन्छन् । आधिकारिक तथ्यांकअनुसार २०२२ मा १६८ दुर्घटनामा २४५ जनाको मृत्यु भएको थियो ।

गत महिना उत्तरपूर्वी हेइलोङजियाङ प्रान्तको जिक्सी सहरको बाहिरी भागमा भएको खानी दुर्घटनामा १२ जनाको मृत्यु भएको थियो भने १३ जना घाइते भएका थिए । *रासस/एएफपी*

# 'तालिबान प्रशासनद्वारा अफगानिस्तानमा मानवअधिकार कुण्ठित'

**काबुल–** अफगानिस्तानमा तालिबान सरकार स्थापनापछि आधारभूत मानवअधिकार र विशेषगरी महिलाको अधिकारलाई कुण्ठित गरिरहेको मानवअधिकारवादी अन्तर्राष्ट्रिय संघसंगठनहले जनाएका छन् ।

ह्युमन राइट्स वाचले हालै सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार तालिबानले अफगानिस्तानमा महिला अधिकारमाथि दमन बढाएको उल्लेख छ । ह्युमन राइट्स वाचकी कार्यकारी निर्देशक तिराना हसनले सन् २०२३ संसारभर कयौं युद्ध अपराध र मानवअधिकार उल्लंघनको वर्ष भएको बताएकी छन् । उनले राज्यहरूलाई मानवअधिकारको रक्षा गर्ने आफ्नो प्रतिबद्धताको सम्मान गर्न आग्रह गरिन् ।

प्रतिवेदनमा महिलालाई विद्यालय जान निषेध गरिएको विश्वको एकमात्र देश अफगानिस्तान रहेको उल्लेख गरिएको छ । प्रतिवेदनमा तालिबानले सन् २०२३ मा महिला प्रदर्शनकारीलाई दमन गर्ने, स्वेच्छाचारी ढंगबाट महिला अधिकारकर्मीलाई हिरासतमा राख्ने, केही महिलालाई नजरबन्दबाट बेपत्ता बनाउने, उनीहरू र उनीहरूका परिवारलाई यातना दिनेलगायत दमनकारी नीतिहरूको कार्यान्वयनलाई तीव्रता दिएको उल्लेख गरिएको छ ।

महिलाहरूलाई काम गर्न प्रतिबन्ध लगाउँदा धेरै अफगानी महिलाहरूको जीविकोपार्जनमा क्षति पुगेको छ र देशको आर्थिक संकटका लागि आंशिक रूपमा दोषी ठह्याइएको छ ।

प्रतिवेदनले अफगानिस्तानका लागि मानवीय सहायता कत्तिको महत्त्वपूर्ण छ भन्ने कुरा पनि उल्लेख गरेको छ । देशको आर्थिक संकटले लगभग दुईतिहाइ मानिसहरूलाई यसको खाँचोमा पारेको छ । यस संगठनले उठाएका मुख्य मुद्दामध्ये नागरिक समाज, अफगान महिलाहरूमाथि जारी उत्पीडन, अफगानी सञ्चारमाध्यमको व्यापक नियन्त्रण र अफगान पत्रकारहरूको गिरफ्तारी हो ।

ह्युमन राइट्स वाचले आफ्नो प्रतिवेदनमा अफगानिस्तानको बढ्दो गरिबीको मुख्य कारण अफगानिस्तानमा तालिबानको कब्जा, अन्तर्राष्ट्रिय प्रतिबन्ध र वर्षौंको खडेरी रहेको उल्लेख गरेको छ । सन् २०२१ को अगस्टमा सत्ता कब्जा गरेपछि तालिबानले महिला अधिकारप्रति नरम दृष्टिकोण अपनाउने प्रारम्भिक प्रतिबद्धता जनाए पनि उच्च शिक्षामा लगाइएको प्रतिबन्ध सशस्त्र समूहले देशलाई थप पृथकीकरण गर्न र समाजमा महिलाको भूमिकालाई सीमित गर्न चालेका धेरै कदमहरूमध्ये एक हो ।

सन् २०२१ को अगस्टपछि तालिबानले छात्राहरूलाई छैटौं कक्षाभन्दा माथिको विद्यालय जान प्रतिबन्ध लगाएको छ र सार्वजनिक स्थलमा जाँदा महिलाहरूले हिजाब लगाउनुपर्ने र पुरुष सहयोगीसँग मात्र यात्रा गर्नुपर्ने कडा नियम लागू गरेको थियो । तालिबान प्रशासनले महिलाहरूले प्रयोग गर्ने ब्युटी सैलुनहरू बन्द गरेका र उनीहरूलाई घरेलु र अन्तर्राष्ट्रिय गैरसरकारी सहायता समूहहरूसँग काम गर्नबाट रोकेका छन् । *रासस/एएनआई*

# यमनमा अमेरिकी आक्रमण

**साना (यमन)–** इरान समर्थित लडाकु समूहले 'रेड सी'मा पानी जहाजमाथि थप आक्रमण गर्ने चेतावनी दिएपछि अमेरिकाले यमनको हुथी विद्रोहीलाई लक्षित गरी शनिबार पुनः आक्रमण गरेको अमेरिकी केन्द्रीय कमाण्डले जनाएको छ ।

प्यालेस्टिनी लडाकु समूह हमाससँग इजरायलले गरिरहेको युद्ध प्यालेस्टिनी थप क्षेत्रमा बिस्तार हुने देखिएपछि यमनी हुथी समूहले आफ्नो क्षेत्रीय सहयोगी हमासलाई सहयोग गर्दै इजरायलको युद्ध बिस्तारविद्ध चेतावनी दिएको हो ।

यमनले 'रेड सी' मा इजरायल सम्बद्ध जहाजमाथि आक्रमण बढाएको एक दिनपछि हुथीको राडार साइटमा आक्रमण भएको हो । इरान समर्थित लडाकुको सरकारी सञ्चारमाध्यमले यसअघि यमनको विद्रोहीको नियन्त्रणमा रहेको राजधानी सानामा रहेको अल-दैलामी एयरबेसमा आक्रमण भएको जनाएको थियो ।

इजरायल-हमास युद्धको विरोधमा हप्तौंदेखि इजरायलसँग जोडिएको पानीजहाजमा आक्रमण गर्दै आएका हुथी विद्रोहीले पहिलो आक्रमणपछि अमेरिका र बेलायतको स्वार्थ 'वैध निशाना' भएको चेतावनी दिएका छन् ।

बेलायत, संयुक्त राज्य अमेरिका र आठ सहयोगी राष्ट्रले शुक्रबार गरिएको हवाई आक्रमणको उद्देश्य 'तनाव कम गर्ने' रहेको बताएका छन् तर हुथी विद्रोहीले आक्रमण जारी राख्ने प्रतिबद्धता जनाएका छन् । विद्रोहीहरूको सर्वोच्च राजनीतिक परिषद्ले भनेको छ, 'आक्रमणपछि सबै अमेरिकी-बेलायती स्वार्थहरू वैध निशाना बनेका छन् ।'

विद्रोहीका उपविदेशमन्त्री हुसेन अल एज्जीले संयुक्त राज्य अमेरिका र बेलायतले ठूलो मूल्य चुकाउन तयार हुनुपर्ने बताएका छन् । सन् २०१४ मा गृहयुद्ध सुरु भएदेखि नै विद्रोहीहरूले यमनको अधिकांश भाग आफ्नो नियन्त्रणमा लिएका छन् र इजरायल र यी गतिविधि उसका सहयोगीहरूविरुद्ध इरान समर्थित 'प्रतिरोधको उच्चतम' हिस्सा हुन् । यमन, लेबनान, इराक र सिरियामा अक्टोबरको सुरुमा गाजामा युद्ध सुरु भएयता इरानसमर्थित समूहमाथि हिंसा बढेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले क्षेत्रीय शान्ति र स्थायित्वका लागि सबै पक्षलाई तनाव नबढाउन आग्रह गरेको महासचिवका प्रवक्ता स्टेफन दुजारिकले जानकारी दिए । हुथी विद्रोहीले पानीजहाजमाथि गरेको आक्रमण तत्काल रोक्न माग गर्दै प्रस्ताव पारित गरेको केही दिनपछि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले शुक्रबार आपत्कालीन बैठक बोलाएको थियो ।

भेटमा अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले हुथी विद्रोहीले 'रेड सी' मा पानीजहाज सञ्चालन गर्दा हुने खतराबाट कुनै पनि जहाज सुरक्षित नरहेको चेतावनी दिएका थिए । रूसी राजदूत भासिली नेबेन्जियाले देशको सम्पूर्ण जनतामाथि भएको 'निर्लज्ज सशस्त्र आक्रमण'को निन्दा गरेका छन् ।

मध्यपूर्वका नेताहरूले हिंसाप्रति चिन्ता व्यक्त गरेका छन् । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले यमनमाथिको आक्रमणलाई अनुचित भन्दै यसले 'रेड सी' क्षेत्र रक्तपातपूर्ण बन्नसक्ने बताएका छन् । साउदी अरबले सैन्य कारबाहीलाई निकै चिन्ताका साथ हेरिरहेको बताउँदै 'आत्मसंयम र तनावबाट जोगिन' आह्वान गरेको छ ।

सन् २०२२ को सुरुमा भएको युद्धविरामपछि साउदी अरबले हुथी विद्रोहीसँग नौ वर्षसम्म चलेको युद्धबाट आफूलाई मुक्त गर्ने प्रयास गरिरहेको छ । हमासले क्षेत्रीय सुरक्षामा परेको असरका लागि बेलायत र संयुक्त राज्य अमेरिकालाई जिम्मेवार भएको दाबी गरेको छ । *रासस/एएफपी*

# 'युद्ध, रोग र भोकमरीको तेहेरो मारमा गाजाबासी'

**जेनेभा–** गाजा पट्टीका परिवारहरूले द्वन्द्व, सुरक्षित पानीको अभावबाट हुने रोग र खाद्यान्न अभावका कारण भोकमरीको 'तेहेरो खतरा' को सामना गरिरहेको संयुक्त राष्ट्रसंघका अधिकारीले शनिबार बताएका छन् । गाजामा बन्धक बनाइएका बाँकी इजरायली बालबालिकाका लागि पनि यो दुःस्वप्न जारी रहेको र स्थिति तीव्र गतिमा बिग्रँदै गएको उनीहरूले बताएका छन् ।



*तस्बिरः अलजजिरा*

प्यालेस्टिनीका लागि संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)की विशेष प्रतिनिधि लुसिया एल्मीले जेरुसेलमबाट भिडियो लिंकमार्फत आयोजित पत्रकार सम्मेलनमा आफू गाजामा एक हप्ता बिताएर भर्खरै फर्केको बताइन् । गाजाको पछिल्लो स्थितिले आफूलाई निकै दुःखी बनाएको बताउँदै उनले भनिन्, 'हजारौं बालबालिकाको मृत्यु भइसकेको र तीनवटा अत्यावश्यक समस्या तत्काल सम्बोधन नगरिए अझै हजारौं बालबालिकाले ज्यान गुम्ने जोखिम रहेको छ ।'

बमबारीबाट पीडितका लागि राहतको व्यवस्था गर्न सुरक्षा, सहायता वितरणका लागि रसद, र व्यावसायिक क्षेत्रको पुनः सञ्चालन आवश्यक छ । एल्मीले पत्रकारहरूसँग कुरा गर्दै विगत दुई हप्तामा मात्र गाजामा बालबालिकामा झाडापखालाका घटनाहरू झण्डै दोब्बर भएर ७० हजार पुगेको बताइन् ।

करिब एक लाख ३५ हजार बालबालिका पनि गम्भीर कुपोषणको जोखिममा छन् । उनले तत्काल र दीर्घकालीन युद्धविराम नै बालबालिका र परिवारको हत्या र घाइतेको अन्त्य गर्ने एकमात्र उपाय भएको र अति आवश्यक मानवीय सहायता तत्काल उपलब्ध गराउन आवश्यक रहेको उल्लेख गरिन् ।

एल्मीले गाजा पट्टीमा प्रवेश गर्ने सबै नाकाहरू पुनः खोल्नुपर्ने, सहायताका लागि अनुमोदन प्रक्रिया छिटो हुनुपर्ने, विद्यालय र अस्पतालजस्ता नागरिक पूर्वाधारको संरक्षण गरिनुपर्ने र गाजा पट्टीको उत्तरमा पहुँच प्रदान गर्नुपर्ने बताएकी छन् । अपहरणमा परेका बालबालिकासहित विभिन्न देशका नागरिकलाई पनि विनासर्त र सकुशल रिहा गरिनुपर्नेमा उनको जोड छ ।

हमास र अन्य प्यालेस्टिनी सशस्त्र समूहले इजरायलमाथि आक्रमण गरेको यो आइतबार १०० दिन पुगेको छ । अहिलेसम्म एक हजार २०० इजरायली मारिएका छन् भने करिब २५० जनालाई बन्धक बनाइएकोमा १०० भन्दा बढीलाई रिहाइ गरिएको छ । इजरायलले सैन्य कारबाही सुरु गरेयता १४ हप्तामा २३ हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन्, जसमध्ये करिब दुईतिहाइ महिला र बालबालिका छन् । *रासस/सिन्ह्वा*


## Marma Rural Municipality
### Office of Rural Municipal Executive
**Latinath, Darchula**

### Invitation for Bids

**Date of publication: 2080/09/29**

1. Marma Rural Municipality invites electronic bids from eligible bidders for the ***Construction of Tapowan Ma. Vi Parpada Building,Marma-4 Darchula IFB No. MARMA/NCB/Works/4/2080/081*** under National Competitive Bidding -Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 3,68,00,000 (Three Crore Sixty Eight Lakhs Only***).
   - Minimum Work experience of similar size and nature: ***At least one contract of government project of building construction work within last 10 years with a value of at least NRs. 1,48,00,000 (One Crore Forty Eight Lakhs Only)***
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of ***Marma Rural Municipality, Latinath, Darchula,*** *Email: rm.marma.darchula@gmail.com,* **Phone No.:** 9840196763, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidders should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document i.e. **NRs. 5000 (Five Thousand Only)** in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank:Laxmi Sunrise Bank Ltd.

   Office Account no.: 0830552746703006

   Name of Office: Marma Rural Municipality, Latinath, Darchula
5. Electronic bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp* on or before 12:00 Noon on 2080/11/2 and will be opened in the same date and place at 1:00 PM in the presence of Bidders' representatives who choose to attend.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of **NRs. 10,00,000 (Ten Lakhs Only)** which shall be valid for 30 days beyond the validity period of the bid.

   **Information to deposit bid security in Bank:**

   Name of the Bank: Laxmi Sunrise Bank Ltd.

   Office Account no.: 0830552746703004

   Name of Office: Marma Rural Municipality, Latinath, Darchula

**CHIEF ADMINISTRATIVE OFFICER**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११८६०० | प्रति तोला – ११८०५० | प्रति तोला – १४०० |

## ‘हस्तकला क्षेत्रको प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध’



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण टेवा पु¥याएको हस्तकला क्षेत्रको प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

नेपाल हस्तकला महासङ्घको ४३औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले हस्तकला नीतिको मस्यौदालाई चाँडै पूर्णता दिइने तथा सातै प्रदेशमा हस्तकलाग्राम निर्माणका निम्ति उच्चस्तरमा छलफल अघि बढाइने बताए ।

मुलुकको तीव्र आर्थिक विकास नै आजको प्रमुख कार्य हो भन्दै उपप्रधानमन्त्री श्रेष्ठले सरकार यसका निम्ति क्रियाशील रहेको बताए । उनले सुशासन, समृद्धि र सामाजिक न्यायलाई केन्द्रमा राखेर सरकार अघि बढिरहेको उल्लेख गरे । ‘विकास र आर्थिक क्रियाकलापलाई केन्द्रमा राखिएको छ, सुशासनलाई त्यसको पूर्वसर्त बनाइएको छ’, उनले भने, ‘सुशासनबिना परिणाम दिन सकिँदैन, सरकार त्यसप्रति सचेत छ ।’

बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्राकारले हस्तकलाका उत्पादन निर्यात गरी मुलुकको आर्थिक अवस्थालाई सबल बनाउन सकिने दृष्टान्त दिँदै निर्यात प्रवर्द्धनमा सहजीकरण गर्न बागमती प्रदेश सरकार तयार रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको मनोबल बढाउन सरकारसँग आग्रह गर्दै सरकारसँग सहकार्य गर्न आफूहरू तयार रहेको बताए । मुलुकको आर्थिक परिसूचकाङ्क सकारात्मक दिशाउन्मुख रहेका उल्लेख गर्दै उनले सकारात्मक भाष्यका साथ अघि बढ्न व्यवसायीलाई आह्वान गरे ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले हस्तकला क्षेत्रमा पुस्तान्तरणको अभाव देखिन थालेकामा चिन्ता व्यक्त गर्दै युवा पुस्तालाई पनि यस क्षेत्रमा आकर्षित गर्न विभिन्न योजना ल्याइनुपर्ने बताए । व्यापार घाटा घटाउन हस्तकला क्षेत्रको महत्वपूर्ण योगदान रहेको जनाउँदै उनले निर्यात प्रवर्द्धनका लागि सरकारी सहयोग अभिवृद्धि हुनुपर्ने बताए ।

नेपाल उद्योग परिसङ्घका वरिष्ठ उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले हस्तकला क्षेत्रले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरेको उल्लेख गर्दै उनले निर्यात प्रवर्द्धनमा सरकारले सहजीकरण गर्नुपर्नेमा जोड दिए । उनले अन्तर्राष्ट्रिय समुदायमा देशको कला, संस्कृति, पहिचान एवं गरिमा बढाउने हस्तकला क्षेत्र भएको उल्लेख गर्दै यसको प्रवर्द्धनमा सबैको सहयोग आवश्यक छ, भने ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले हस्तकलाका सामग्रीलाई सौन्दर्यीकरणको भाव दिन प्रतिष्ठान क्रियाशील रहेको बताए । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले विश्वबजारमा प्रतिस्पर्धी वस्तु उत्पादन गर्न उद्यमीलाई सुझाव दिए ।

ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जली शाक्यले हस्तकला क्षेत्रको विकासमा तीनै तहका सरकारको सहयोग आवश्यक रहेको बताइन् । महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले हस्तकला व्यवसाय प्रवर्द्धन गर्न सहुलियतपूर्ण ऋण उपलब्ध गराइनुपर्ने बताए । उनले सम्पूर्ण सरकारी कार्यालयमा हस्तकलाका सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्न सरकारको ध्यानाकर्षण गराए ।

# ६० अर्बको आइपिओ जारी गर्दै विद्युत् प्राधिकरण

**काठमाडौं–** सार्वजनिक संस्थानहरूमध्ये पछिल्ला दिनमा आर्थिक रूपमा सबल बन्दै गएको नेपाल विद्युत् प्राधिकरणले रु ६० अर्ब बराबरको साधारण सेयर (आइपिओ) बिक्री गर्ने भएको छ । प्राधिकरणले संस्थाको वित्तीय पुनःसंरचना गरी नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ बमोजिम संस्थाको सेयर सर्वसाधारणमा बिक्री गर्ने भएको हो । सेयर बिक्रीका लागि अर्थ मन्त्रालयले सहमति प्रदान गरिसकेको छ । अर्थको सहमतिपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले आवश्यक प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ ।

प्राधिकरण सञ्चालक समितिको गत मङ्सिर २५ गते बसेको बैठकले आवश्यक निर्णय गरेको छ । सञ्चालक समितिले अर्थ मन्त्रालयबाट अधिकृत पूँजी रु तीन खर्ब कायम गर्न सहमति भएकाले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्समक्ष स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरेको छ । धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ बमोजिम खुद सम्पत्ति (नेटवर्थ) को दुई गुणासम्म प्रतिसेयर मूल्य कायम गरी प्रिमियम मूल्यमा हाललाई प्रस्तावित अधिकृत पूँजीको १० प्रतिशतसम्म सर्वसाधारणलाई सेयर जारी गर्न ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय भएको छ । सो निर्णय यही पुस १९ गते प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा मन्त्रालयमा पेस गरिसकेका छन् ।

प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहेका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले पनि सार्वजनिक संस्थालाई थप सबल बनाउने उद्देश्यका साथ सेयर जारी गर्न लागिएको बताएका छन् । सरकारले संस्थालाई आम नागरिकको बनाउने उद्देश्यका साथ यस्तो तयारी गरेको स्पष्ट पारेको छ । यसअघि नै सरकारले नेपाल दूरसञ्चार कम्पनीको समेत सेयर सर्वसाधरणमा बिक्री गरेको थियो ।

प्राधिकरणको सेयरको प्रतिकित्ता किताबी मूल्य करिब एक सय २५ कायम गर्ने र त्यसमा त्यति नै रकम प्रिमियम थप गरी सेयर निष्कासनको प्रस्ताव गरिएको छ । यस हिसाबले प्राधिकरणको सेयर किन्न चाहने सर्वसाधारणले प्रतिकित्ता रु दुई सय ५० खर्च गर्नुपर्नेछ । प्राधिकरणको हाल अधिकृत पूँजी रु एक खर्ब २५ अर्ब बराबर छ । सरकारको लगानीको प्राथमिकता विभिन्न क्षेत्रमा रहने हुँदा ऊर्जा क्षेत्रमा गरेको बजेट विनियोजनले मात्र प्राधिकरणको हालको पूँजीगत लगानीका लागि आवश्यक स्रोत पर्याप्त नभएको ठहर गरिएको छ । त्यसका लागि प्राधिकरणले वैकल्पिक स्रोतमार्फत लगानी जुटाउनुपर्ने अवस्था छ ।




वित्तीय व्यवस्थापनका लागि वैकल्पिक स्रोतका रूपमा विभिन्न वित्तीय उपकरण प्रयोग गर्ने तयारी गरेको छ । त्यसमा साधारण सेयर, कर्पोरेट बण्ड, डिबेन्चर, ग्रिन बण्ड आदिमार्फत स्रोत जुटाउनुपर्ने आवश्यकता रहेको प्राधिकरणको बुझाइ छ । हाल सहमति प्राप्त अधिकृत पूँजीको १० प्रतिशत सेयर सर्वसाधारणलाई जारी गर्न आवश्यक छ । प्राधिकरण ऐन २०४१ को दफा (५) मा सर्वसाधारणलाई सेयर जारी गर्न सकिने व्यवस्था रहेको छ। सोही अनुसार प्राधिकरणको सेयर जारी गर्ने प्रस्ताव गरिएको हो ।

सर्वसाधारणलाई सेयर जारी गरी प्राप्त हुने रकम दीर्घकालीन लगानीका रूपमा जलाशययुक्त आयोजना निर्माण, प्रसारण तथा वितरण लाइनको विस्तार तथा सुदृढीकरण कार्यमा उपयोग गरिनेछ । प्राधिकरणसँग रहेको स्थिर सम्पत्तिको आधारलाई उपयोग गरी वित्तीय उपकरणमार्फत स्रोतको व्यवस्थापन गरी ठूला आयोजना निर्माण गर्न सकिने छ ।

सेयर जारी गर्दा प्राधिकरणको सेयर संरचनामा परिवर्तन हुनाका साथै सरकारको जोखिम तथा दायित्व कम हुने, सञ्चालक समितिमा सेयरधनीको प्रतिनिधित्व हुने भएकाले उत्तरदायित्व, पारदर्शिता, स्वायत्तता र सुशासनमा थप अभिवृद्धि हुनेछ ।

प्राधिकरणको अधिकृत पूँजी रु तीन खर्बको १० प्रतिशत सेयर पहिलो चरणमा सर्वसाधारणलाई जारी गर्न प्रस्ताव गरिएको छ । प्राधिकरणको आव २०७८/७९ सम्मको सेयर पूँजी रु एक खर्ब ७५ अर्ब र सञ्चित नाफासहितको जगेडा कोष रु २७ अर्ब गरी जम्मा रु दुई खर्ब दुई अर्ब नेटवर्थ (सेयर निष्कासन प्रयोजनका लागि) रहेको छ ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को दफा २५ (क) बमोजिम खुद सम्पत्ति (नेटवर्थ) को अधिकतम दुई गुणासम्म प्रतिसेयर मूल्य कायम गरी प्रिमियम मूल्यमा सेयर निष्कासन गर्न सकिने व्यवस्था छ । अधिकृत पूँजी रु तीन खर्ब पु¥याउने गरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकाले उक्त पूँजीको १० प्रतिशत सेयर सर्वसाधारणलाई जारी गर्ने स्वीकृतिका लागि कार्यकारी निर्देशकले सञ्चालक समितिसमक्ष प्रस्ताव गरेका थिए ।

प्राधिकरणले यस वर्ष पनि ‘डबल ए प्लस क्रेडिट रेटिङ’ पाएको छ । इक्रा नेपालले प्राधिकरणको क्रेडिट रेटिङ गरी ‘इक्रा एनपी डबल ए प्लस’ स्तरको रेटिङ प्रदान गरेको छ । अघिल्लो वर्ष पनि प्राधिकरणले सोही रेटिङ पाएको थियो । डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै बहन गर्न सक्ने उच्च क्षमता सुरक्षित रहन्छ । डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ज्यादै न्यून ऋण भुक्तानी जोखिम हुन्छ ।

इक्राले प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यावसायिक तथा वित्तीय जोखिमहरूको विश्लेषण, व्यवस्थापकीय क्षमता, सञ्चालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा बाह्य वातावरणीय तत्वहरूलगायतको विश्लेषण गरेको थियो । सोही विश्लेषणका आधारमा प्राधिकरणको क्रेडिट रेटिङ गरिएको हो । क्रेडिट रेटिङमार्फत कुनै व्यक्ति वा सङ्गठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्याङ्कन गर्ने तथा राय प्रकट गर्ने काम गरिन्छ । यसमा संस्थाको ऋण दायित्व भुक्तान गर्ने क्षमता सम्बन्धमा निहित जोखिमबारे सरल र बुझ्न सकिने साङ्केतिक सूचकका रूपमा राय दिइन्छ ।

विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्न सरकारको पूर्ण स्वामित्वमा प्राधिकरण स्थापना गरिएको हो । प्राधिकरणले देशभित्र विद्युत् उत्पादन, प्रसारण र वितरणका अतिरिक्त आन्तरिक तथा सीमापार विद्युत् व्यापार पनि गरिरहेको छ । सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रम कार्यान्वयन गर्न वार्षिक रूपमा बजेट विनियोजन, सेयरमा लगानी (नगद वा ब्याज-साँवा पूँजीकरण) र अन्य आवश्यक रकम/सञ्चालनमार्फत प्राधिकरणलाई सहयोग गरिरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङका अनुसार सार्वजनिक निकायमध्ये प्राधिकरणले डबल ए प्लस क्रेडिट रेटिङ पाएकाले संस्थामा वित्तीय दायित्व बहन गर्न सक्ने उच्चतहको सुरक्षित क्षमता देखिएको छ । ‘क्रेडिट रेटिङबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो देखिएको छ । ऋण तिर्न सक्ने क्षमता देखिएको छ’, उनले भने । *रासस*

## अन्तर्राष्ट्रिय हवाईयात्रु आगमन हालसम्मकै बढी

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको पुरानो त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा हवाई यात्रुको संख्या बढेको छ । विमानस्थलका अनुसार सन् २०२३ मा आन्तरिक तथा अन्तरराष्ट्रिय दुवै गरी कूल ८६ लाख ९१ हजार चार सय ४३ यात्रुले हवाईयात्रा गरेका छन् । सन् २०२२ मा ७९ लाख ५४ हजार चार सय ९५ ले हवाईयात्रा गरेका थिए । जुन अघिल्लो वर्षको तुलनामा नौ दशमलव दुई प्रतिशतले बढी हो । कूल यात्रु आवागमन (आन्तरिक र अन्तरराष्ट्रिय) पनि बढेको विमानस्थल कार्यालयले जनाएको छ ।

कोभिडअघि सन् २०१८ मा ७१ लाख ९० हजार नौ सय १२ र सन् २०१९ मा ७३ लाख २७ हजार ३१ यात्रुले हवाईयात्रा गरेका थिए । विमानस्थलबाट एक वर्षको अवधिमा अन्तरराष्ट्रियतर्फ ४५ लाख ४१ हजार एक सय ३७ ले हवाईयात्रा गरेका छन् । जुन अघिल्लो वर्षको तुलनामा ३० दशमलव १८ प्रतिशतले बढी हो । यो संख्या कोभिड-१९ अघि सन् २०१८ को भन्दा चार दशमलव पाँच प्रतिशतले बढी रहेको विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले जानकारी दिए । उनका अनुसार यो अहिलेसम्मकै सबैभन्दा धेरै हो ।

महाप्रबन्धक तिवारीले अन्तरराष्ट्रिय हवाई यात्रु आगमन अहिलेसम्मकै बढी भएको बताउँदै कूल यात्रु आगमन पनि बढेको जानकारी दिए । कोभिड पहिलाको तुलनामा १८ प्रतिशत र सन् २०२२ को तुलनामा नौ दशमलव दुई प्रतिशतले वृद्धि भएको उनको भनाइ छ ।

सन् २०२३ मा अन्तरराष्ट्रिय उडान अवतरण ३१ हजार चार सय ६० (गत वर्षको तुलनामा २९ दशमलव ४० प्रतिशतले) वृद्धि भएको छ । जुन कोभिडअघि सन् २०१८ को भन्दा १० दशमलव ७६ प्रतिशतले घटेको छ । उक्त अवधिमा कार्गो आवागमन २२ हजार नौ सय ४६ टन भएको छ । जुन गत वर्षको तुलनामा १३ दशमलव ९८ प्रतिशतले घटेको छ ।

आन्तरिकतर्फ हवाईयात्रा गर्नेको संख्या ४१ लाख ५० हजार तीन सय २६ पुगेको छ । जुन गत वर्षको तुलनामा सात दशमलव ०७ प्रतिशत कम हो । उक्त अवधिमा आन्तरिकतर्फ ९६ हजार नौ सय ८९ उडान अवतरण भएका छन् । उडान पनि गत वर्षको तुलनामा १० दशमलव ८७ प्रतिशतले घटेको छ ।

आन्तरिकमा कार्गो आगमन गत वर्षको तुलनामा १० दशमलव ३६ प्रतिशतले वृद्धि भई तीन हजार ४२६.८६१ टन पुगेको महाप्रबन्धक तिवारीले बताउनुभयो । उहाँका अनुसार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा हाल आन्तरिकतर्फ नौ एयरलाइन्स कम्पनी र १२ हेलिकोप्टर कम्पनी सञ्चालनमा छन्भने अन्तरराष्ट्रियमा तीन नेपालीसहित ३० वायुसेवा कम्पनीले १६ देशका ३१ गन्तव्यमा सेवा दिइरहेका छन् ।

नेपालले ४१ मुलुकसँग दुई पक्षीय हवाई सेवा सम्झौता गरेको छ । पछिल्लो पटक गत मङ्सिर १९ गते नेपाल र रुवाण्डाबीच द्विपक्षीय हवाई सेवा सम्झौतामा हस्ताक्षर भएको थियो ।

अत्यन्त जरूरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी बक्यौता रकम यही २०८० साल पौष मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
काठमाडौं-७, सिफल, नेपाल
फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ